जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमखु जिल्ला अधिकारी वा स्थानीय तहका निरीक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## जसपाका रौतहट अध्यक्षद्वारा पार्टी परित्याग



धर्मेन्द्र पटेल

**टुडे समाचारदाता**

गौर ।प्रतिनिधि र प्रदेश सभाको चुनाव उत्कर्षमा पुग्न लागेको बेला जनता समाजवादी पार्टी(जसपा)का रौतहट जिल्ला अध्यक्ष धर्मेन्द्र पटेलले पार्टी परित्याग गरेका छन् ।

देवाहीगोनाही नगरपालिकाका निवर्तमान मेयर पटेलले एमालेसित जसपाले गरेको गठबन्धनप्रति असन्तुष्टि जनाउँदै चुनाव प्रचारको क्रममा मतदाताहरुले उठाउने गरेका नागरिकता विधेयक लगायतका सवालहरुको जवाफ दिन नसकेर पार्टी नै परित्याग गरेको जनाएका छन् ।

मधेश आन्दोलनदेखि नै जसपामा सक्रिय रहेका पटेलको राजिनामाले चुनावी मैदानमा रहेका सो पार्टीका उम्मेदवारहरुलाई समेत धक्का लाग्ने बताइएको छ ।

पटेल हाल कुनै पार्टी प्रवेश नगरे पनि उनका सहयोगी रेवन्त झाले जसपा परित्याग गरी नेकपा एसमा प्रवेश गरेको कारण उनी पनि त्यसमा नै लाग्ने अनुमान गरिएको छ ।पटेलले पार्टी परित्याग गरेपछि तत्कालै क्षेत्र नम्बर २ को ख बाट जसपाका उम्मेदवार रहेका किशोरी यादवलाई बलियो धक्का लाग्ने देखिएको छ ।

## सर्लाही -२ गठबन्धनमा अन्योल

# माओवादीका यादव भारी, महतोलाई गठबन्धनको असहयोग

**टुडे समाचारदाता**

मलंगवा । सर्लाही जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ मा मधेशवादी नेताको पहिचान बनाएका महेन्द्र यादव नेकपा माओवादी केन्द्रको गोलाकार भित्र हसिया हथौडा चुनाव चिह्नबाट र राजेन्द्र महतो लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)को साईकल छापबाट चुनावी प्रतिस्पर्धामा रहेका छन् ।

सत्तारुढ गठबन्धनमा रहेका माओवादी केन्द्र र लोसपाले अलग-अलग उम्मेदवार उठाएपछि गठबन्धनका मतदाताहरु अन्योलमा परेका छन् ।गठबन्धनबाट माओवादी केन्द्रको कोटामा परेको सो सिटमा यादवलाई उम्मेदवार बनाउने निर्णय भएको हो ।तर लोसपा पनि पछिबाट गठबन्धनमा आएकाले महतो पनि सो क्षेत्रबाट उम्मेदवारी दिए ।

गठबन्धनबाट उम्मेदवार रहेका यादवको पक्षमा नेपाली कांग्रेस, नेकपा एस र माओवादीले भारी उम्मेदवार बनेका छन् । यादवलाई प्रतिनिधिसभामा जसपाका मतदाताहरुले पनि सघाइरहेको बताइन्छ ।सो क्षेत्रमा नेकपा एमाले जसपा गठबन्धनबाट एमालेका राजनारायण साह उम्मेदवार छन् ।

एमालेका साहले लोसपाका महतोको मत काटिरहेकाले उनको अवस्था कमजोर भएको स्थानीयहरुको तर्क छ ।तर प्रदेश ख मा महतोसित लोसपाका उम्मेदवार रहेका मेथुर चौधरीले आर्थिक रुपमा सघाइ रहेकाले अवस्था कमजोर नरहेको तर्क पनि गर्नेहरु छन् ।नेपाल भारतको सीमा क्षेत्रमा चौधरीको अबैध धन्धाहरु हुने गरेको आरोप लाग्दै आएको छ ।



राजेन्द्र महतो    महेन्द्र राय यादव    राजनारायण साह

२०७४ सालको चुनावमा धनुषाको निर्वाचन क्षेत्र नम्बर ३ बाट नेपाली कांग्रेसका उम्मेदवार विमलेन्द्र निधिलाई पराजित गरेका महतोले पाँच वर्ष नै धनुषाकै निर्वाचन क्षेत्र नम्बर ३ बाट चुनाव लड्ने बताइरहेका थिए । तर उनको क्रियाकलापले मतदातामा व्यापक आक्रोश बढेकाले उनी क्षेत्र छाडेर सर्लाहीको २ नम्बर रोजे ।त्यहाँ पनि उनी लड्ने नलड्ने निश्चित थिएन् ।तर कतै सुरक्षित स्थल नपाएका महतोले अन्तिममा २ नम्बर क्षेत्रबाट उम्मेदवारी दर्ता गराए ।

माओवादी केन्द्रका यादव र लोसपाका महतोबीच सोझो प्रतिस्पर्धा रहेको सो क्षेत्रमा प्रदेशसभाका उम्मेदवारहरु भने प्रतिनिधिसभाका लागि कसैको पक्षमा मत मागेको देखिदैन् ।

क्षेत्र नम्बर २ को 'क' मा नेपाली कांग्रेसका जंगीलाल यादव गठबन्धनबाट उम्मेदवार छन् ।उनको पोष्टरलाई महतोले आफ्नो पोष्टरसँगै राख्ने गरे पनि उनले आफ्नो मत मात्र माग्ने गरेको स्थानीयहरुको कथन छ ।

प्रदेश 'ख'मा जसपाका उम्मेदवार अशोक यादव अगाडि देखिएका छन् ।उनी निवर्तमान सभासद हुन् । ख बाट कांग्रेसका कौशलकिशोर राय यादव उम्मेदवार छन् ।तर गठबन्धनबाट नै लोसपाले मेथुर चौधरीलाई उम्मेदवार बनाएपछि एमाले जसपा गठबन्धनका उम्मेदवार अशोक यादव अगाडि देखिएका छन् ।

क्षेत्र २ को क बाट जसपा पार्टीको कार्यकारिणी समिति सदस्य समेत रहेका स्वतन्त्र रामनरेश राय यादवको स्थिति पनि बलियो रहेको दाबी सो क्षेत्रका युवा दिनेश यादवले गरेका छन् ।गठबन्धनको कारण टिकट नपाए पनि यादवको उम्मेदवारीलाई जसपा र लोसपा दुबैले समर्थन गरेको यादवको दाबी छ ।


भर्ना खुल्यो ! भर्ना खुल्यो !!

प्राविधिक शिक्षा भविष्यको सुरक्षा

CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।

विशेषताहरू :

१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)

फाराम भर्ने अन्तिम मिति २०७९ कार्तिक २७ गते सम्म

विस्तृत जानकारीका लागि

NEPAL DENTAL HOSPITAL &
TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हा स्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851







# चौथो वार्षिकोत्सव

**टुडे समाचारदाता**

जनकपुरधाम। कमला वचाउ अभियानको चौथो वार्षिकोत्सव सम्पन्न भएको छ।

शहीदनगर नगरपालिका स्थित रामघाट कमला किनारमा आयोजना गरिएको कार्यक्रममा कमला आरतीका साथै पुजन गरेर चौथो वार्षिकोत्सव मनाइएको छ। मंगलवार अग्निकुण्ड मन्दिरका महन्थ नवल किशोर शरणको प्रमुख आतिथ्यमा कमला आरती तथा अभियानको स्मारिका २०७९ विमोचन समेत गरिएको थियो।




कार्यक्रममा महन्थ नवलकिशोर शरणले कमला स्नान गर्ने शुभ दिनमा बलि प्रदान गर्नु दुखद रहेको बताउँदै यस किसिमको प्रथालाई बढावा दिन नहुने बताए।

उनले कमलाको महिमाको विषयमा समेत प्रकाश पारेका थिए। कार्यक्रममा कमला वचाउ अभियानका अध्यक्ष विक्रम यादवले कमला धार हिन्दूहरुको आस्थाको केन्द्र मात्रै नरही मधेश र मधेशी किसानको लागि आशाको दियो समेत रहेकोले कमला वचाउका लागि सबैले आ- आफनोतर्फबाट पहल गर्नुपर्ने बताए।

कार्तिक पूर्णिमा कमला स्नानका दिन अभियानले सम्पन्न गरेको चौथो वार्षिकोत्सवमा जनकपुरधामका समाजसेवी प्रभु दयालजलान,शहीदनगरनगरपालिकाका पूर्व मेयर उदय कुमार बरबरियालगायतका व्यक्तिहरुको उपस्थिति रहेको थियो।

# गाँजासहित एक जना पक्राउ, दुई फरार




टुडे समाचारदाता

कलैया। प्रहरीले २५ केजी गाँजासहित बाराबाट एक जनालाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय निजगढले निजगढ नगरपालिका-१२ बारथलीका प्रेमबहादुर लोलाई पक्राउ गरी सार्वजनिक गरेको छ।

लोसहित तीन जना मकवानपुरतर्फबाट गाँजा ल्याउँदै गर्दा फरार भएका थिए।

तर, लो भने पक्राउ परेको छन्। बाँकी दुई जना अझै फरार रहेको प्रहरीले जनाएको छ। उनीहरूले बोकेर ल्याएको तीन वटा बोरामा क्रमशः ७, ७ र ११ किलो गरी २५ किलो गाँजा बरामद भएको बारा प्रहरी प्रवक्ता डीएसपी राजेश थापाले जानकारी दिए।

# मानसिक रोगी बढ्दै

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसहित देशभरिमा मानसिक रोगी बढ्दै गएको छ। मानसिक स्वास्थ्य परामर्श नेपाल (सीएममसी)ले एक कार्यक्रम गरी मानसिक रोगी बढ्दै सो जानकारी दिएको हो।

सीएमसीका निर्देशक रामलाल श्रेष्ठले बालबालिकामा पनि मानसिक रोग तीव्र गतिमा बढ्न थालेको छ। हरेक आठ जना बालबालिकामा एक जना मानसिक रोगी देखा परेको उनले जानकारी दिए।

उनका अनुसार १३ देखि १७ वर्ष उमेर समूहका बालबालिकामा ५.२ प्रतिशत मानसिक स्वास्थ्य रोग देखिएको छ। त्यो भन्दामाथि उमेरमा दश प्रतिशतको हराहारीमा मानिसक रोगी फेला पर्न थालेको छ। २३/२४ उमेर समूहमा पुग्दा यी समस्याका रोगी ७५ प्रतिशत मानिसमा देखिने गरेको उनले बताए।



समस्या बढ्दै गए पनि उपचारमा सहजता नदेखिएको उनले बताए। ग्रमीण भेगका जनता उपचारबाट बञ्चित रहेको उनले गुनासो गरेका थिए।

मधेश प्रदेशमा आर्थिक, सामाजिक र वेरोजगारीका कारण मानसिक रोगी बढ्दै गएको अनुसन्धानमा देखिएको छ। 'पहिले लुकाउने, रूढिवादीमा विश्वास गर्ने जस्ता कारणले मानसिक रोगी बढ्दै गएको छ,'उनले भने,'आत्महत्या पनि यसले नै बढाइरहेको छ।' स्थानीय सरकारले यस प्रकारको समस्या समाधान गर्न काम नगरेको पाइएको छ। केन्द्रीय सरकारको स्वास्थ्य मन्त्रालयको कुल बजेटबाट मात्र एक प्रतिशत मानसिक रोग उपचारको लागि छुट्याइएको छ। गरिबी, एकल महिला र जेलका कैदीहरु मानसिक रोगको बढी जोखिममा छन्। परिचय पत्र पाउनु पर्ने व्यक्तिले नपाएको उनको आरोप छ।

# निर्वाचनका समयमा सञ्चारमाध्यम अन्तर्क्रियात्मक हुनुपर्नेमा जोड




काठमाण्डु । सञ्चार क्षेत्रका जानकारले निर्वाचनका समयमा सञ्चारमाध्यम उम्मेदवार र दलका विषयमा बढीभन्दा बढी अन्तर्क्रियात्मक हुनुपर्ने बताउनुभएको छ। आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका सन्दर्भमा प्रेस काउन्सिल नेपालले निर्वाचन आचारसंहिता अनुगमन सुझाव समितिसँग गरेको छलफलमा उहाँहरुले प्रेस काउन्सिलले सञ्चारमाध्यमबाट सम्प्रेषित सामग्रीको सन्तुलन, निष्पक्षतालगायत विषयमा अनुगमन गर्नुपर्ने बताउनुभयो।

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष किशोर नेपालले काउन्सिलले जारी गर्ने आचारसंहितामा परिमार्जनसहित अघि बढ्नुपर्ने बताउनुभयो।उहाँलेसञ्चारमाध्यमलाई आचारसंहिताको परिधिमा रहेर अन्तर्क्रियात्मक गराउन काउन्सिलले भूमिका खेल्नुपर्ने बताउनुभयो। उहाँले काउन्सिलको गठन संरचनामै त्रुटि रहेको हुँदा यसले गर्ने कामकारबाही र प्रभावकारितामा प्रश्न चिह्न उठ्दै आएकोबताउनुभयो।काउन्सिललाई संसद् मातहत लैजानुपर्ने उहाँको सुझाव छ।

प्रेस काउन्सिल नेपालका पूर्वकावा अध्यक्ष किशोर श्रेष्ठले सञ्चारमाध्यममा सन्तुलित सामग्री सम्प्रेषणका लागि सर्वप्रथम पत्रकारलाई नै सजग बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले सञ्चारमाध्यमले गर्ने मत सर्वेक्षण पत्रकार आचारसंहिताको विपरीत भए/नभएको अनुगमन गरी आवश्यक कदम चाल्नुपर्ने बताउनुभयो।

उहाँले निर्वाचनको मिति नजिकिँदै गर्दा पत्रकार स्वयं पार्टी र उम्मेदवारको प्रचारमा लाग्ने गरेको देखिएकाले पत्रकारलाई आचारसंहिताको पालनामा कडाइ गर्नुपर्ने बताउनुभयो । "निर्वाचन आचारसंहिता, २०७९ ले मत सर्वेक्षण गर्न रोक लगाएको छ, यसतर्फ पत्रकार र सञ्चारमाध्यमलाई सचेत गराउनुपर्छ', उहाँले भन्नुभयो । काउन्सिलका पूर्वकावा अध्यक्ष गोपाल बुढाथोकीले पत्रकारलाई स्वनियमनमा रहन र आचारसंहिता पालनामा सजग रहन सतर्कता अपनाउनुपर्ने बताउनुभयो। उहाँले काउन्सिललाई स्रोत साधन सम्पन्न गराउन आवश्यक रहेको भन्दै काउन्सिल सञ्चारमाध्यम र पत्रकारको अभिभावक रहेको स्मरण गराउनुभयो । "काउन्सिल पत्रकारको संरक्षक होइन, सञ्चारमाध्यमका विषयवस्तु परिधिभित्र छन् कि छैनन्, छैनन् भने त्यस्ता प्रवृत्तिका विरुद्ध काउन्सिल निर्मम हुनुपर्छ', उहाँले भन्नुभयो । नेपाल पत्रकार महासङ्घ र काउन्सिलले संयुक्त रुपमा पत्रकार र सञ्चारमाध्यमलाई आचारसंहिता पूर्ण परिपालनाका लागि आह्वान गर्नुपर्ने बताउनुभयो।

महासङ्घका पूर्वसभापति विष्णु निष्ठुरीले पत्रकार र सञ्चारमाध्यम अराजक हुनसक्नेतर्फ सचेत रहँदै काउन्सिलले जिम्मेवार प्रेसका लागि निरन्तर भूमिका निर्वाह गर्नुपर्नेबताउनुभयो।सञ्चारमाध्यमले स्वतन्त्र र स्वच्छन्दताको सीमा नाघ्न नहुने उहाँको भनाइ थियो।

उहाँले सञ्चारमाध्यम र पत्रकार पत्रकारिताको मूल्य मान्यता तथा सिद्धान्तबाट बाहिरिएको अवस्थामा महासङ्घ र काउन्सिलले सहजीकरण गर्नुपर्ने बताउनुभयो । "पत्रकार र सञ्चारमाध्यमलाई जिम्मेवार बनाउनुपर्छ', उहाँले भन्नुभयो।

महासङ्घका पूर्वअध्यक्ष तारानाथ दाहालले निर्वाचनको समयमा जति धेरै अन्तर्क्रिया हुन सक्यो त्यति नै सही उम्मेदवार निर्वाचित हुने भन्दै सञ्चारमाध्यमले पूर्वाग्रहरहित रूपमा उम्मेदवार र दलकाविषयमामतदातालाईसुसूचित गर्नुपर्ने बताउनुभयो । उहाँले प्रेस काउन्सिलले सञ्चारमाध्यमबाट सम्प्रेषित साम्रगीको सत्यता, पक्षधरता, पुनरावृत्ति, दुष्प्रचारयुक्त आदि विषयमा अनुगमन केन्द्रित गर्नुपर्नेमा जोड दिनुभयो।

निर्वाचनका समयमा सञ्चारमाध्यमको प्रस्तुतिलाई लिएर निर्वाचन आयोग र काउन्सिलले कारबाही प्रक्रिया अगाडि बढाउन नहुने बताउनुभयो।

प्रजातान्त्रिक मुलुकमा निर्वाचन आएपछि प्रेस अझ बढी खुला हुन्छ, जसको पनि पक्षधरता लिन पाउँछ भनिन्छ', उहाँले प्रश्न गर्नुभयो,"तर नेपालमा भने निर्वाचन आउँदा हामी प्रेसलाई 'चुप' भन्छौं, जनता के आधारमा सुसूचित हुन्छन् ?'

सञ्चारमाध्यमले भ्रमपूर्ण प्रचार गरेका भए काउन्सिलले कारबाही गर्नुपर्ने जनाउँदै उहाँले स्वनियन्त्रणलाई काउन्सिलले प्रोत्साहित गर्नुपर्ने बताउनुभयो । उहाँले पत्रकार आचारसंहिताको पुनरावलोकन गर्नुपर्ने समय आएको बताउनभुयो।

महासङ्घका पूर्वअध्यक्ष डा महेन्द्र विष्टले सञ्चारमाध्यमले चुनावका सन्दर्भमा स्वतन्त्र बहस चलाउन सक्नुपर्ने बताउनुभयो।

निर्वाचनका समयमा दल र उम्मेदवारका विषयमा सामग्री सम्प्रेषणमै रोक लगाउन नहुने भन्दै विष्टले स्वतन्त्र बहसबाट मतदातालाई स्पष्ट पार्नु मिडियाको दायित्व भएको उल्लेख गर्नुभयो। रासस

# निर्वाचनमा किन आकर्षित भयो नयाँ पुस्ता ?

काठमाण्डु। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन आउन अब १२ दिन मात्रै बाँकी छ। निर्वाचन नजिकिएसँगै उम्मेदवारहरू चुनावी एजेण्डा मतदाताका घर-घर पुर्‍याउन दिनरात खटिएका छन् । निर्वाचनमा मुख्य प्रतिष्पर्धा प्रायः राजनीतिक दलका उम्मेदवार बीच नै हुने हो। तर प्रजातान्त्रिक शासन व्यवस्थामा स्वतन्त्ररूपमा समेत उम्मेदवारी दिन कसैलाई पनि रोक नलगाएकाले यसपटकको निर्वाचनमा 'स्वतन्त्र उम्मेदवार'हरूको लहर नै चलेको छ। वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा धरानबाट हर्क साम्पाङ, राजधानी काठमाडौँमा बालेन शाह र धनगढीबाट गोपाल हमाललगायतका स्वतन्त्र उम्मेदवारहरूको आकर्षक जीत नै प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा स्वतन्त्र उम्मेदवारहरूको सङ्ख्या बढाउन सहयोगी बनेको हुनसक्छ।

राजनीतिक दलहरूप्रतिको अविश्वास, गठबन्धनका कारण असन्तुष्ट मतदाता र कार्यकर्ता र स्थानीय तहमा मतदाताले स्वतन्त्र उम्मेदवारप्रति देखाएको लगावकै लोभमा आसन्न निर्वाचनमा स्वतन्त्र उम्मेदवारहरूको सङ्ख्या उल्लेख्य बढेको विश्लेषकहरूको भनाइ छ । काठमाडौं उपत्यका अन्तर्गत पर्ने तीन जिल्लामा प्रतिनिधिसभाका लागि कायम १५ वटा सिटका लागि कुल तीन सय ६० उम्मेदवारमध्ये एक सय २८ जना त स्वतन्त्र उम्मेदवार नै छन् । जुन ३५ दशमलव ५५ प्रतिशत हो । त्यसैगरी तीन जिल्लामा प्रदेश सभाका ३० सिटका लागि तीन सय ४० जनाले उम्मेदवारी दिएका छन् जसमध्ये ११९ जना अर्थात् ३५ प्रतिशत स्वतन्त्र उम्मेदवार छन्।

प्रतिनिधिसभा अन्तर्गत काठमाडौँ क्षेत्र नम्बर ७ मा राजनीतिक दलका उम्मेदवारभन्दा स्वतन्त्र उम्मेदवारी दिनेको सङ्ख्या बढी छ। यस क्षेत्रमा १६ जनाले स्वतन्त्र उम्मेदवारी दर्ता गरेका छन् भने राजनीतिक दलका उम्मेदवारको सङ्ख्या १३ मात्रै छ। त्यसैगरी प्रदेशसभातर्फ सबैभन्दा बढी ललितपुर निर्वाचन क्षेत्र नम्बर १ को प्रदेशसभा १ र २ मा १५ जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन् । प्रतिनिधिसभा सदस्यका लागि काठमाडौँका १० निर्वाचन क्षेत्रमा २५७ जनाले उम्मेदवारी दिएकामध्ये ९७ जना स्वतन्त्र उम्मेदवार छन्। भक्तपुरका २ निर्वाचन क्षेत्रमा ४० जना उम्मेदवारमध्ये १५ जना स्वतन्त्र छन् भने ललितपुरका ३ निर्वाचन क्षेत्रमा ६३ जना उम्मेदवारमध्ये १६ जना स्वतन्त्र उम्मेदवार छन्।

**स्वतन्त्रको लहर**

ललितपुर निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्य पदका स्वतन्त्र उम्मेदवार दीपेश कुमार केसी आफूहरूको लडाइ अभिव्यक्ति स्वतन्त्रताका लागि भएको बताउनुहुन्छ । निर्वाचनमा स्वतन्त्र उम्मेदवारको सङ्ख्या बढ्नुको अर्थ राजनीतिक दलहरू 'सिन्डिकेट'को विरोध भएको उहाँको भनाइ छ। "राजनीतिक दलको 'सिन्डिकेट'का कारण दलभित्रै पनि स्वतन्त्र विचारले स्थान पाउन छाडेपछि स्वतन्त्र उम्मेदवारहरू अगाडि आउनु परेको हो, परिवर्तनका नाममा धर्म र संस्कृति मास्ने काम हामीलाई स्वीकार्य छैन", उहाँले भन्नुभयो।

केसी समानुपातिक प्रणालीका नाममा ४० प्रतिशत स्वतन्त्र विचारलाई मास्ने काम स्वीकार्य नभएको दाबी गर्नुहुन्छ। "म स्पष्ट मिसन र भिजनका साथ राजनीतिमा आएको छु," उहाँले भन्नुभयो, "अब मुलुकको जिम्मेवारी युवाको काँधमा आएको छ, सबैभन्दा माथि देश भन्ने विचारलाई अगाडि बढाउन मेरो उम्मेदवारी हो।" यो निर्वाचन मात्रै नभइ वैचारिक स्वतन्त्रताको लडाइ समेत भएको उहाँको भनाइ छ। स्वतन्त्र उम्मेदवार हरूको देशैभरी फैलिएको लहर परिवर्तनको पक्षमा एउटा ठूलो धक्का भएको उहाँले बताउनुभयो।

केसीको प्रतिस्पर्धा नेकपा (एकीकृत समाजवादी)का कृष्णलाल महर्जन र नेकपा (एमाले)का प्रेम बहादुर महर्जनका साथै आफू जस्तै अन्य सात जना स्वतन्त्रसँग हुनेछ। सत्ता गठबन्धनका साझा उम्मेदवार समेत रहनुभएका महर्जनले २०७४ सालमा नेकपा (एमाले)का उम्मेदवारकारूपमा २७ हजार सात सय १३ मत प्राप्त गरी विजयी हुनु भएको थियो। महर्जनसँग पराजित नेपाली काङ्ग्रेसका चन्द्र महर्जनले १६ हजार नौ सय ४५ मत प्राप्त गर्नुभएको थियो। त्यसैगरी काठमाडौं क्षेत्र नं ९ बाट स्वतन्त्र उम्मेदवारी दर्ता गर्नुभएका राजेन्द्र प्रसाद पाठक संविधान प्रदत्त मौलिक हक स्वास्थ्य र शिक्षालाई पूर्णरूपमा निःशुल्क बनाउने आफ्नो एजेन्डा रहेको बताउनुहुन्छ। लामो समय कानून र पत्रकारितामा सक्रिय पाठक मौलिक हकको पूर्ण कार्यान्वयनमार्फत् जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्ने योजनामा हुनुहुन्छ।

"स्वास्थ्य र शिक्षाबाहेक पानी र बिजुलीसमेत निःशुल्क गर्ने मेरो एजेण्डामा छ", उहाँले भन्नुभयो, "म निर्वाचित भए प्रत्यके महिनामा दुई पटक स्थानीय तहको समस्या बुझेर समाधानमा केन्द्रित हुनेछु।"

पाठक सङ्घीय संरचना र धर्मनिरपेक्षता खारेज गर्ने पक्षमा आफूलाई उभ्याउनु भएको छ। लामो समयसम्म नेपाली काङ्ग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घ, नेपाल तरुण दलमा आवद्ध भइ काम गर्नुभएका पाठक पछिल्लो एक वर्षदेखि पार्टी परित्याग गरी स्वतन्त्र हुनु भएको छ।

त्यसैगरी २०७४ को स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिका प्रमुखमा उम्मेदवारी दिएर चर्चा बटुल्न सफल रञ्जु न्यौपाने पनि यतिबेला स्वतन्त्र उम्मेवारका रूपमा काठमाडौं क्षेत्र नम्बर ५ मा उम्मेदवारी दिनु भएको छ। न्यौपानले चुनावी मैदानमा नेकपा (एमाले)का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र नेपाली काङ्ग्रेसका युवा नेता प्रदीप पौडेलसँग प्रतिस्पर्धा गर्नुपर्ने छ। त्यसका साथै अभियन्ता हेमराज थापा पनि स्वतन्त्र उम्मेदवारका रूपमा चुनावी मैदानमा होमिनु भएको छ।

न्यौपाने आफू निर्वाचित भए मानसिक स्वास्थ्यकोक्षेत्रमा काम गर्नेबताउनुहुन्छ। "अहिले प्रत्येक घरमा मानसिक समस्या झेलिरहेका व्यक्तिहरू छन्, मानसिक स्वास्थ्यसँग सम्बन्धित नीति पनि समयसापेक्ष छैन, त्यसलाई सम्बोधन गर्ने मेरो पहिलो प्राथमिकता हुनेछ", उहाँले भन्नुभयो। उसो त 'लौरो' चिन्हबाटै बालेन र हर्कले पाएको जीतबाट हौसिएका केही युवाहरूले 'लौरो' चुनाव चिन्हलाई अभियानका रूपमा अघि बढाएका छन्। लौरो अभियानलाई संगिठक स्वरुप दिँदै 'हाम्रो नेपाली पार्टी'मार्फत् उनीहरू यतिबेला स्वतन्त्रकै शैलीमा निर्वाचनमा होमिएका छन्।

काठमाडौं क्षेत्र नं ७ बाट हाम्रो नेपाली पार्टीका तर्फबाट उम्मेदवारी दिनुभएका इञ्जिनियर आकर्षण पोखेल (प्रबेन्द्र पोखेल) आफू निर्वाचित भएमा नीतिगत कामलाई केन्द्रित दिने बताउनुहुन्छ । पोखेलले यस क्षेत्रमा आफू जस्तै १३ जना राजनीतिक दलका उम्मेदवारका अतिरिक्त १६ जना स्वतन्त्र उम्मेदवारसँग प्रतिस्पर्धा गर्नुपर्नेछ। यस क्षेत्रमा सत्ता गठबन्धनका तर्फबाट उम्मेदवार बन्नु भएकी नेकपा (माओवादी केन्द्र)की अस्मिता सिंह (मानुषि) यमि भट्टराई, नेकपा (एमाले)का श्यामकुमार घिमिरे र एमालेका बागी उम्मेदवार राम बिर मानन्धरसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ।

लामो समय अमेरिकामा बसेर नेपाल फर्कनु भएका पोखेल निर्वाचन क्षेत्रमा जनताका धेरै ठूला माग नरहेका र ती माग सजिलै पूरा गर्न सकिने उहाँको दाबी छ। पोखेलले चुनावी एजेन्डामा १० वटा सङ्कल्प अगाडि सार्नु भएको छ। "यस क्षेत्रका जनतामा खानेपानी, सडक, खाल्डाखुल्डी, ट्राफिक, ढल, फोहोर, स्वास्थ्य उपचार र महङ्गीलगायतका कैयन समस्या छन्", उहाँले भन्नुभयो, "यी यस्ता समस्या हुन् जुन सहजै समाधान गर्न सकिन्छ र मेरो प्रमुख प्राथमिकता पनि यसैमा हुनेछ।"

सुशासन, सरकारी अस्पतालबाट निःशुल्क स्वास्थ्य सेवा, गुणस्तरीय निःशुल्क शिक्षा, स्वच्छ खानेपानी, कृषिलाई आत्मनिर्भर बनाउन आधुनिक कृषि प्रणालीलाई अगाडि बढाउनु मंगलबारको आवश्यक भएको पोखेलको भनाइ छ। त्यसका साथै, ढल तथा फोहोर व्यवस्थापन नीति बनाइ पूर्णरूपमा कार्यान्वय गर्ने, कला, संस्कृति तथा सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्ने, सडक छेउछाउमा वृक्षारोपण गरेर हरियाली बनाउने, दक्षिण उत्तर पर्यटन राजमार्गको रूपमा अगाडि बढाउने र राष्ट्रिय पर्यटन नीति निर्माण गरी काम गर्ने आफ्नो प्राथमिकतामा रहेको उहाँको भनाइ छ।

त्यसैगरी हाम्रो नेपाली पार्टीकै तर्फबाट काठमाडौं क्षेत्र नम्बर ८ बाट उम्मेदवारी दिनु भएका सुमन सायमी सडक बिस्तारको स्थानीयबासीका समस्या समाधानमा आफू केन्द्रित हुने बताउनुहुन्छ।रासस

*सुशासन, सरकारी अस्पतालबाट निःशुल्क स्वास्थ्य सेवा, गुणस्तरीय निःशुल्क शिक्षा, स्वच्छ खानेपानी, कृषिलाई आत्मनिर्भर बनाउन आधुनिक कृषि प्रणालीलाई अगाडि बढाउनु मंगलबारको आवश्यक भएको पोखेलको भनाइ छ। त्यसका साथै, ढल तथा फोहोर व्यवस्थापन नीति बनाइ पूर्णरूपमा कार्यान्वय गर्ने, कला, संस्कृति तथा सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्ने, सडक छेउछाउमा वृक्षारोपण गरेर हरियाली बनाउने, दक्षिण उत्तर पर्यटन राजमार्गको रूपमा अगाडि बढाउने र राष्ट्रिय पर्यटन नीति निर्माण गरी काम गर्ने आफ्नो प्राथमिकतामा रहेको उहाँको भनाइ छ।*


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने। |
| बृष | : धन बृद्धि सञ्चय। |
| मिथुन | : अवसर प्राप्त। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : वाद विवादबाट बच्नु। |
| तुला | : भ्रमण अवसर हुने। |
| वृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : बौद्धिक क्षमता। |
| मकर | : प्रेम प्रसंग, मित्र सुख। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# निर्वाचनको माहौल बनाउन उद्योगी/व्यवसायीलाई आग्रह



काठमाण्डु । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निजी क्षेत्रका उद्योगी/व्यवसायीलाई मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको माहौल बनाउन आग्रह गर्नुभएको छ।

निजी क्षेत्रका नेतृत्वदायी सङ्गठन तथा व्यक्ति सहभागी 'निजी क्षेत्रसँग अन्तर्क्रिया' विषयक मंगलबार आयोगमा आयोजित कार्यक्रममा प्रमुख आयुक्त थपलियाले 'व्यवसायिक सामाजिक उत्तरदायित्व (सिएसआर) अन्तर्गत आफ्नो सूचना सम्प्रेषण संयन्त्रमार्फत आयोगका सूचना तथा सन्देश प्रवाह गरिदिन आग्रह गर्नुभयो।

उहाँले आयोगको सामाजिक सञ्जालमा आवद्ध भई आयोगमार्फत उत्पादित मतदाता शिक्षा, आचारसंहिता पालना तथा निर्वाचनसँग सम्बन्धित सूचना तथा सन्देश आफ्नो साङ्गठानिक संयन्त्र तथा सामाजिक सञ्जालमार्फत प्रवाह गरेर सहयोग गरिदिन पनि आग्रह गर्नुभयो । व्यवसायीको सहयोग मूलुक र लोकतन्त्रका लागि महत्वपूर्ण हुने विश्लेषण गर्नुहुँदै उहाँले आ-आफ्नो संस्थामा कार्यरत कर्मचारीलाई मतदान गर्न पाउनेगरी सहजीकरण गरिदिनसमेत आग्रह गर्नुभयो।

उहाँले हाल देशको अर्थतन्त्र निक्कै अप्ठ्यारो स्थितिमा रहेका तथ्यहरू विश्लेषण गर्दै निर्वाचनपछि यो माहौलमा परिवर्तन आउने विश्वास समेत व्यक्त गर्नुभयो। "अहिले तरलताको अभाव, ब्याजदर वृद्धि, बचत घटिरहेका जस्ता अवस्था सुनिन्छ। यसले कतै व्यवसायीहरू पलायन नै पो हुने हो कि? भन्ने माहौल छ", थपलियाले भन्नुभयो, "निर्वाचनसँग पनि यसको कुनै न कुनै साइने सम्बन्ध छ। यो अप्ठ्यारो स्थितिलाई निर्वाचनपछि सहजतातिर लैजान पनि यसले सहयोग मिलोस् भन्ने हो।"

उहाँलेसंसारभरिकोअभ्यासबाट निर्वाचनमा गरिने खर्च अनुत्पादक हुने देखिएको विश्लेषण गर्नुहुँदै आयोगले निर्वाचनलाई मितव्ययी बनाउने क्रममा निजी व्यवसायीलाई असर परेको भए क्षमा गरिदिन आग्रह गर्नुभयो। प्रमुख आयुक्त थपलियाले मतदानका दिन अत्यावश्यक क्षेत्रका सवारी साधनका साथै आवश्यकता र औचित्यताका आधारमा अन्य सवारी साधनलाई व्यवस्थित र नियन्त्रितरूपमा सञ्चालन गर्न दिने विषयमा गृहकार्य भइरहेको जानकारी गराउनुभयो।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका कार्यवाहक अध्यक्ष चन्द्र ढकालले निर्वाचन सफल बनाउने सन्दर्भमा आयोगले निजी व्यवसायीलाई पनि सम्झिएकामा खुसी प्रकट गर्दै आफ्नो संयन्त्रमार्फत आयोगको आग्रह कार्यान्वयन गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । यसअघिको स्थानीय निर्वाचनमा मतपत्रमा धेरै निर्वाचन चिन्ह हुँदा मतदाता सही ढङ्गले मतदान गर्नेबारे अन्योलमा परेको उल्लेख गर्दै उहाँले यसपटक निर्वाचन आयोगले मतपत्रमा गरेको फेरबदलले राम्रो नतिजा ल्याउने विश्वास व्यक्त गर्नुभयो।

महासङ्घका उपाध्यक्ष अञ्जन श्रेष्ठले मतदानका दिन व्यावसायीका सवारी साधन प्रयोग गर्न दिन र आफूहरूलाई पर्यवेक्षकका रूपमा जिम्मेवारी दिनु आग्रह गर्नुभयो । नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाटा)का अध्यक्ष रमेश थापाले निर्वाचन आयोगको आग्रह कार्यान्वयनमा आफुहरूको पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दै निर्वाचनको दिन यातायातको सहज सञ्चालनमा सहयोग गरिदिन आग्रह गर्नुभयो । यसअघि पर्यटकका लागि निश्चित प्रावधानसहित बसको व्यवस्था गरिदिने अभ्यास रहेको स्मरण गराउँदै उहाँले यो मुख्य पर्यटकीय सिजन भएकोले यातायातको सहज आवागमन आवश्यक भएको बताउनुभयो।

कार्यक्रममा सहभागी अन्य विभिन्न व्यवसायीले आयोगको आग्रह बमोजिम आफ्नो सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दै निर्वाचन सम्पन्न गर्ने क्रममा स्थानीय तहसम्म निजी क्षेत्रको संयन्त्रलाई सहभागी गराउन आग्रह गर्नुभयो।रासस

# भोट तान्न निःशुल्क शिक्षादेखि स्वाधिन अर्थतन्त्रसम्मका कुरा !

काठमाण्डु । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा भाग लिएका केही राजनीतिक दलले मुलुकको हालको अवस्था र व्यवस्थामा आमूल परिवर्तन गर्दै स्वाधिन अर्थतन्त्र निर्माण गरी जनताको सेवामा काम गर्ने उद्घोष गरेका छन्।

अघिल्ला निर्वाचनमा जनताले मत दिएका राजनीतिक दल र उम्मेदवारबाट देश र जनहितमा काम हुन नसकेको आरोप लगाउँदै ती दलले लोकतन्त्रको सुदृढीकरण र संविधानको रक्षाका लागि निर्वाचनमार्फत मुलुकको नेतृत्व गर्ने अवसर प्रदान गर्न मतदातासमक्ष अपिल गरेका हुन्।

सुशील गौतम प्रमुख रहनुभएको मौलिक जरोकिलो पार्टीले देशको अवस्था र व्यवस्था दुवै परिवर्तनका लागि सबैभन्दा पहिला अहिले अभ्यासमा रहेको निर्वाचन प्रणालीमा व्यापक सुधारको खाँचो औँल्याउँदै प्रत्यक्ष निर्वाचित कार्यकारी रहनुपर्छ भनी चुनावी घोषणापत्रमार्फत जनतासमक्ष मत मागेको छ । देशका ४७ जिल्लामा सङ्गठन, प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ २०-२० निर्वाचन क्षेत्र तथा समानुपातिकमा ६८ सिटका लागि उम्मेदवारी दिएको उक्त दलको निर्वाचन चिह्न 'कम्प्युटर' रहेको छ । मुलुकका मुलभूत समस्या पत्ता लगाएर पर्याप्त अनुसन्धानकर्ता एवं प्राविधिकको सहयोगमा विकास र समृद्धिको उपायसहितको मार्गचित्र रहेको दाबी गर्दै मतदातासमक्ष प्रत्यक्ष निर्वाचन प्रणालीको पक्षधर तथा गल्ती गर्नेलाई कानुनी कठघरामा उभ्याउनै दृढता हुनुपर्छ भन्ने मान्यता राख्ने 'हाम्रो नेपाली पार्टी'ले सुशासनका मुद्दाका लागि मत मागिरहेको छ। निर्वाचन चिह्न लौरो तथा अनन्तराज घिमिरे पार्टी अध्यक्ष रहनुभएको उक्त दलले प्रतिनिधिसभामा ६५ र प्रदेशसभा सदस्यमा एक सय एक सिटका लागि उम्मेदवारी दिएको छ।

नेपाल समावेशी पार्टीका अध्यक्ष मोतिलाल भारतीले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, प्रदेशको खारेजी, सनतन हिन्दू धर्म रहने व्यवस्थाको वकालत गर्दै आगामी निर्वाचनमा पार्टीले मुलुकका ४० सिटमा उम्मेदवारी दिएको बताउनुभयो। उक्त पार्टीको चुनाव चिह्न सुङ्गा रहेको छ।

श्यामबाबु गौतम अध्यक्ष रहनुभएको पुनर्जागरण पार्टी नेपालले संविधान र शासकीय संरचनाबीच तालमेल नभएकाले जनाउँदै उन्नत समाजवाद र लोकतन्त्राई दीर्घजीवी तुल्याउने दृष्टिकोणसहित प्रत्यक्ष निर्वाचित राष्ट्रपति तथा पूर्ण समानुपातिक निर्वाचन प्रणाली रहने व्यवस्था कायम गर्दै अघि बढ्न जनतासमक्ष भोट मागेको छ। मैनबत्ती चुनाव चिह्न रहेको उक्त पार्टीले प्रतिनिधिसभा सदस्यमा चार स्थान र प्रदेशसभा सदस्यमा २३ जनालाई उम्मेदवार बनाएको छ।

नेपाल कम्युनिष्ट पार्टी माओवादी-समाजवादीले पूर्ण समानुपातिक निर्वाचन प्रणाली, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, स्वाधिन आत्मनिर्भर अर्थतन्त्र तथा महिला र पुरुषबीच समान अधिकारका मुद्दा लिएर मत माग्दै जनतासमक्ष गएको छ । महिला-पुरुष चुनाव चिह्न तथा कर्णजित बुढाथोकी अध्यक्ष रहनुभएको उक्त पार्टीले क्रान्तिकारी कम्युष्टि पार्टीको सिद्धान्तलाई जोगाउन हरप्रयत्न गर्ने अठोट लिएको छ।

राष्ट्रिय नागरिक पार्टीले आधुनिक समाजवादमार्फत जनताको सेवा गर्ने उद्घोषका साथ प्रतिनिधिसभामा ४७ र प्रदेशसभा सदस्यमा ४४ स्थानका लागि उम्मेदवारी दिएर चङ्गा चुनाव चिह्नका लागि जनतासँग भोट मागिरहेको अध्यक्ष शुक्रबहादुर गुरुङले बताउनुभयो। उक्त पार्टीले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, स्वाधिन अर्थतन्त्र, शिक्षा र स्वास्थ्य निःशुल्कजस्ता मुद्दामा जोड दिँदै आएको छ।रासस

# कोप-२७ 'उच्चस्तरीय सत्र'को दोस्रो दिन ५४ देशका नेताले सम्बोधन गर्ने

इजिप्ट । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसिसिसी) को पक्ष राष्ट्रको २७औँ सम्मेलन (कोप-२७)को सोमबारदेखि सुरु भएको 'उच्चस्तरीय सत्र'मा मंगलबार पनि विश्व नेताहरूले सम्बोधन गर्ने क्रम जारी रहनेछ।

'उच्चस्तरीय सत्र' स्थानीय समय अनुसार बिहान १०:३० बजेदेखि सुरु भइ दिउँसो १ बजेसम्म चल्नेछ। 'उच्चस्तरीय सत्र'मा दोस्रो दिन मंगलबार विभिन्न मुलुकका ५४ राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूले आफ्नो राष्ट्रिय मन्तव्य दिनु हुने कोपको सचिवालयले जनाएको छ।

उच्चस्तरीय सत्रमा पहिलो दिन सोमबार सम्मेलनलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनिया गुटेरसले जलवायुसम्बन्धी विपद् रोक्नका लागि सबैलाई आग्रह गर्नुभएको थियो । 'उच्चस्तरीय सत्र'को पहिलो दिन विभिन्न मुलुकका ४७ राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूले आफ्नो राष्ट्रिय मन्तव्य दिनुभएको थियो।

'उच्चस्तरीय सत्र'को अन्त्यमा युक्रेनका राष्ट्रपति भोलोद्मिर जेलेन्स्कीको भिडियो सन्देश देखाइने कार्यक्रम छ। कोप-२७ आइतबारदेखि औपचारिक रूपमा सुरु भएको हो। इजिप्टको शार्म एल-शेखमा यही कात्तिक २० देखि सुरु भएको सम्मेलन मङ्सिर २ गते (नोभेम्बर ६ देखि १८ तारिख २०२२) सम्म हुनेछ। 'उच्चस्तरीय सत्र'पछि विभिन्न विषयका वार्ता र छलफल हुनेछन्। सम्मेलनको विज्ञानमा आधारित चुनौती र 'रियो' १९९२ देखि 'ग्लास्गो' २०२१ (कोप २६) सम्म भएका सम्झौता, निर्णय र प्रतिबद्धतामा आधारित भएर समावेशी र महत्वाकांक्षी परिणामहरू दिने लक्ष्य तथा उद्देश्य छ।

साथै उत्सर्जन न्यूनीकरण, अनुकूलन प्रयासलाई बढावा दिने र उपयुक्त वित्तको बढ्दो प्रवाह माध्यमबाट विश्वव्यापी जलवायु कार्यलाई गति दिने समेत सम्मेलनको लक्ष्य कोपको सचिवालयले जनाएको छ।

सम्मेलनमा पृथ्वीको तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसमा कायम गर्ने मार्गमा विश्वका सबै राष्ट्रहरू एक्यबद्ध हुने, यसवर्ष ग्लास्गो प्याक्टको कार्यान्वयन र राष्ट्रिय निर्धारित योगदान (एनडिसिज) र न्यूनीकरणका महत्वाकांक्षी लक्ष्यका कार्य योजना तयार गर्ने, अनुकूलनका विश्वव्यापी लक्ष्यमा सहमत हुने र कोप २६ मा सहमत भएको अनुकूलन वित्तको कार्यान्वयन गर्ने बारेमा छलफल र निर्णय हुनेछ।

साथै, कोप-२७ मा वित्तसम्बन्धी सबै एजेण्डा अगाडि बढाइ जलवायु वित्तका विषयमा महन्वपूर्ण प्रगति गर्ने, सन्तुलित रूपमा ठोस नतिजा प्राप्त गर्न वार्तामा सम्झौतालाई सुधार र सहजीकरण गर्नु, हानी नोक्सानीसम्बन्धी काम गर्ने संयन्त्र (सेन्टियागो नेटवर्क), हानी तथा नोक्सानी सुविधा सम्मेलनका एजेण्डा छन्। नेपालले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीको नेतृत्वमा सहभागिता जनाएको छ।रासस

# निर्वाचनमा आउनसक्ने चुनौतीलाई सामना गर्न महानिरीक्षक सिंहको निर्देशन

काठमाण्डु । प्रहरी महानिरीक्षक धिरजप्रताप सिंहले निर्वाचनका समयमा आउनसक्ने सुरक्षा चुनौतीलाई सामना गर्न तयार रहन मातहतका निकायलाई निर्देशन दिनुभएको छ।

उहाँले सोमबार साँझ प्रदेश प्रहरी प्रमुख, प्रदेश तालिम केन्द्र, जिल्ला प्रहरी प्रमुख र गणका प्रमुखलाई भर्चुअल माध्यामबाट सम्बोधन गर्दै निर्वाचन सुरक्षामा कुनै द्विविधा हुन नदिन निर्देशन दिनुभएको हो।

"हालसम्म निर्वाचन सुरक्षासम्बन्धी भएको तयारी र निर्वाचन अनुकूल वातावरण बनाउने गरी भएका प्रयास सकारात्मक छ", उहाँले भन्नुभयो।

प्रहरी महानिरीक्षक सिंहले निर्वाचनसम्बन्धी केन्द्रको रणनीति, केन्द्रबाट भएको परिपत्र र निर्देशनलाई बुथ कमाण्डर तहसम्म पुऱ्याई निर्वाचन सुरक्षामा कुनै द्विविधा हुन नदिन निर्देशन दिनुभयो।

उहाँले निर्वाचन राष्ट्रिय राजनीतिको दृष्टिले महापर्व भएकाले निर्वाचनमा आउनसक्ने चुनौतीलाई सामना गर्न तयार रहन निर्देशनसमेत दिनुभयो।

उहाँले निर्वाचनमा केही उच्शृङ्खल तत्वले बिथोल्न खोज्छन् भन्ने त्यसप्रति सजग रहन आग्रह गर्नुभयो।

निर्वाचन सुरक्षाका क्रममा कमाण्डरको व्यावसायिकता बुथमा खटिने प्रहरी कर्मचारीले गर्ने कार्यबाट झल्कने र त्यही नै कमाण्डरको मूल्याङ्कनको हुने प्रहरी महानिरीक्षक सिंहले उहाँको भनाइ छ। उहाँले निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गरी राष्ट्रले सुम्पेको जिम्मेवारी पूरा गर्न प्रहरी कर्मचारीलाई निर्देशन दिनुभयो।

कार्य तथा अपराध अनुसन्धान विभागका प्रमुख एवं केन्द्रीय निर्वाचन सेलका संयोजक प्रहरी अतिरिक्त महानिरीक्षक दिवेश लोहनीले म्यादी प्रहरीको सहयोग लिई निर्वाचनलाई शान्तिपूर्ण बनाउन कुनै कसर बाँकी नराख्न निर्देशन दिनुभयो।

उहाँले स्रोत-साधनको समुचित प्रयोग गरी निष्पक्ष तवरले निर्वाचन सम्पन्न गर्नसमेत निर्देशन दिनुभयो।रासस

# निर्वाध प्रचारप्रसारको वातावरणका लागि आयोगको निर्देशन

काठमाण्डु । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका सन्दर्भमा राजनीतिक दल तथा उम्मेदवारलाई स्वतन्त्रतापूर्वक निर्वाधरूपमा प्रचारप्रसार गर्न गराउन निर्देशन दिएको छ । आयोगलेउम्मेदवारकासाथैनिर्वाचनमा खटिएका कर्मचारी, अनुगमनकर्ता, पर्यवेक्षक एवं आम मतदाताहरूलाई आवश्यक सुरक्षाको प्रत्याभूतिसहित स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचनमा सहभागी हुने उपयुक्त वातावरण तयार गर्न आयोगले ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूलाई नेपाल सरकार, गृह मन्त्रालयमार्फत निर्देशन दिएको हो।

विभिन्न जिल्लामा उम्मेदवारहरूले निर्वाधरूपले प्रचारप्रसार गर्ने कार्यमा अवरोध भएको भन्ने सम्बन्धमा विभिन्न सञ्चारमाध्यमबाट प्रकाशित समाचार तथा सामाजिक सञ्जालमार्फत सार्वजनिक भएका विषयहरूप्रति निर्वाचन आयोगको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै आयोगले सो निर्देशन दिएको हो। 'नेपालको संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन र कानूनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्यमान्यताप्रति पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ ।' कायम राख्नु आयोगको संवैधानिक जिम्मेवारी हो।'

आवधिक निर्वाचनमा सार्वभौम अधिकारको अभिव्यक्ति मताधिकारमार्फत हुने हुँदा सार्वभौम मतदाता र आफ्नो लागि सार्वभौम जनताको मत र विश्वास माग गर्ने उम्मेदवार

***आयोगको निर्देशनमा भनिएको छ, ँनेपालको संविधान र प्रचलित निर्वाचनसम्बन्धी कानुनको अधीनमा रही आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता र मितव्ययिता कायम गर्दै आफ्नो संवैधानिक जिम्मेवारी निर्वाह गरिरहेको छ।***

आयोगको निर्देशनमा भनिएको छ, ँनेपालको संविधान र प्रचलित निर्वाचनसम्बन्धी कानुनको अधीनमा रही आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता र मितव्ययिता कायम गर्दै आफ्नो संवैधानिक जिम्मेवारी निर्वाह गरिरहेको छ। निर्वाचनमा उम्मेदवार भएका हरेक व्यक्तिलाई प्रतिस्पर्धाको समान अवसर प्राप्त हुन्छ भन्ने आम लोकतान्त्रिक विश्वासलाई दुवै कानुनबमोजिम निर्वाचन प्रचारप्रसार गर्न स्वतन्त्र रहने भएकाले सार्वभौम मतदाता र उम्मेदवार दुवैलाई कानूनबमोजिम निर्वाचनप्रक्रियामा निर्वाध सहभागी हुने अक्षुण्ण अधिकार रहेको हुन्छ, यसलाई कुनै तवरबाट अवरोध गर्न गराउन नहुने आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ।रासस


प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT)

राष्ट्रिय सीप परीक्षण समिति (NSTB)

मध्यपुर थिमी २, सानोठीमी, भक्तपुर

## पुर्व सिकाईको मान्यता (RPL) विधिबाट सीप परीक्षाको आवेदन आव्हान सम्बन्धी सुचना

**प्रथम प्रकाशन मितिः २०७९/०७/२३ गते**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परिक्षण समिति (**NSTB**) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार नेपाल व्यवसायिक योग्यता प्रणाली परियोजना दोस्रो (NVQS-PII) को सहयोगमा पूर्व सिकाईको मान्यता (Recognition of Prior Learning-RPL) विधिबाट निःशुल्क संचालन हुने ईकाईगत दक्षता (Unit Competency) को सीप परीक्षण (परामर्श तथा सीप परीक्षण) मा सहभागी हुन इच्छुक १६ वर्ष उमेर पुगेका तथा वैदेशिक रोजगारबाट फर्केका वा सम्बन्धित पेशाका कार्य अनुभव भएका नेपाली नागरिकहरुबाट आफुलाई पायक पर्ने तपसिल बमोजिमका केन्द्रमा गई आवेदन फारम पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

**सीप परीक्षण (परामर्श तथा सीप परिक्षण) केन्द्रहरु, परिक्षण हुने व्यवसाय र तह**

| क्र. सं. | आवेदन फारम संकलन केन्द्र | ठेगाना | सम्पर्क नं. | व्यवसाय/तह |
|---|---|---|---|---|
| १ | मधेश प्रदेश परिषद् कार्यालय | मुझेलिया, जनकपुर, धनुषा | ०४१-५२८३८६, ९८५४०२११९५ | गार्मेन्ट फेब्रिकेटर-तह १ |
| २ | लहान प्राविधिक शिक्षालय | लहान, सिरहा | ०३३-५६००१५, ९८५२८३००१३ | क. टायल एण्ड मार्बल फिक्सर- तह १<br>ख. वेल्डर - तह २<br>ग. कन्स्ट्रक्सन मेसन- तह २<br>घ. प्लम्बर- तह २<br>ङ. बिल्डिङ्ग पेन्टर - तह २ |
| ३ | निर्मल लामा बहु प्राविधिक शिक्षालय | खयरमारा, बर्दिबास, महोत्तरी | ९८४१३८७७५१ | क. टायल एण्ड मार्बल फिक्सर- तह १<br>ख. कन्स्ट्रक्सन मेसन- तह २<br>ग. प्लम्बर- तह २<br>घ. बिल्डिङ्ग पेन्टर - तह २ |

२. **आवेदनको लागि न्यूनतम योग्यता**

**तह १ को लागिः** सम्बन्धित व्यवसायको ज्ञान र सीप तथा सम्बन्धित पेशामा कम्तिमा १ वर्षको कार्यानुभव भएको

**तह २ को लागिः** सम्बन्धित व्यवसायको ज्ञान र सीप तथा सम्बन्धित पेशामा कम्तिमा ३ वर्षको कार्यानुभव भएको वा सम्बन्धित व्यवसायमा तह १ को सीप परिक्षण उतिर्ण भई सम्बन्धित व्यवसायमा १ वर्षको कार्यानुभव भएको,

३. **आवेदकले आवेदन फारम भर्दा पालना गर्नु पर्ने शर्तहरु**

क. आवेदन फारम तोकिएको केन्द्रमा मिति २०७९/०७/२७ गते भित्र आवेदनको साथ रजिस्ट्रेसन शुल्क रु.२७० सहित तोकिएको केन्द्रमा बुझाउनु पर्ने छ।

ख. आवेदन तथा स्वःघोषणा फारमको साथमा आवेदकले निम्न कागजात बुझाउनु पर्ने छः-

- हाल सालै खिचिएको एकै किसिमको २ प्रति पासपोर्ट साइजको फोटो
- नागरिकता प्रमाण पत्रको फोटोकपी
- अनुभवको प्रमाणपत्र (सरकारी वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजि रोजगारदाता संस्था/उधोग/व्यवसायीले सम्बन्धित पेशा व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको सक्कल प्रमाणपत्र वा पत्र),
- तह २ का लागि आवेदन दिने आवेदकले सम्बन्धित पेशाको तह १ को प्रमाण पत्र वा प्रमाणपत्र नभए ३ वर्ष कार्यानुभव प्रमाण पत्र,
- वैदेशिक रोजगारबाट फर्केका आवेदकले फारम भर्दा सम्बन्धित पेशामा विदेशमा काम गरेको अंग्रेजीमा अनुवादित प्रमाणपत्र,

ग. परामर्श सेवाको दिन आवेदकले सक्कल नागरिकता अनिवार्य ल्याउनु पर्ने छ।

घ. सम्बन्धित पेशामा स्वीकृत आवेदन फारम संख्या ५ भन्दा कम भएमा सीप परिक्षण संचालन गरिने छैन र आवेदकले बुझाएको रकम सम्बन्धित केन्द्रमा निवेदन दिई फिर्ता लिन सक्नेछन।

ङ. परामर्शकार्यबाट छानिएका आवेदकहरु मात्र सीप परीक्षणमा सामेल हुन पाउने छन्।

च. सीप परीक्षणका लागि आवश्यक पर्ने कागजातहरु तथा तोकिएको समयमा दर्ता नभएका र रीत नपुगेका आवेदन फारम हरु स्वतः रद्द हुने छन।

छ. प्रवेश पत्र सीप परीक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परिक्षणको अघिल्लो दिन भित्र प्राप्त गर्न सकिने छ।

ज. यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरुले पहिले सीप परीक्षणमा सहभागी हुँदा सीप परीक्षण समितिबाट उपलब्ध गराइएको रजिस्ट्रेसन नम्बर आवेदन फारममा अनिवार्य उल्लेख गरि आवेदन फारमको माथि पुनःपरीक्षण भन्ने कोठामा चिन्ह लगाउनु पर्ने छ।

थप जानकारीको लागि राष्ट्रिय सीप परीक्षण समितिको फोन नम्बर ०१६६३८१५३, ६६३५१९५, तथा मोबाइ नम्बर ९८५११६३९६४ वा ९८०७६८७३२४ सम्बन्धित पेशा/व्यवसायको लागि आवेदन फारम तथा स्वः घोषणा फारम www.nstb.org.np बाट डाउनलोड गर्न तथा सम्बन्धित केन्द्रहरुबाट प्राप्त गर्न सकिने छ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# आचारसंहिताको कार्यान्वयन गराउन आयोग असफल

प्रदेश र प्रतिनिधिसभाको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न आचारसंहिताको अक्षरशःपालना गराउनु पर्छ ।निर्वाचन आयोगले जारी गरेको आचारसंहितालाई सबै दलका नेताहरुले हस्ताक्षर गरी स्वीकार गरेका छन् ।आयोगको आचारसंहिता पालना गर्ने प्रतिबद्धता जनाएर हस्ताक्षर गर्ने दलका उम्मेदवारहरुले नै सर्वाधिक त्यसको उल्लंघन गरिरहेका छन् ।आयोगले जारी गरेको आचारसंहिताको पालना नहुँदा आर्थिक रुपमा कमजोर उम्मेदवारहरुलाई गंभीर असर परेको छ ।आचारसंहिता अनुसार आयोगले तोकेको रकम, सवारी साधनको संख्या , प्रचार सामग्रीको आकार भन्दा बाहिर गए कारबाही हुन सक्छ ।आचारसंहिताको पालना गर्न अटेर गर्ने उम्मेदवारको मनोनयन दर्ता समेत खारेज हुन सक्छ ।निर्वाचन आयोगले आचारसंहिताको पालना गर्न उम्मेदवारहरुमाथि दबाब बनाउन कारबाहीको प्रक्रियालाई प्रभावकारी बनाउनु पर्ने हो ।आचारसंहिता उल्लंघनको नियमित रुपमा विभिन्न माध्यमहरुबाट आयोगमा उजुरी परिरहेको छ ।आयोगले आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारहरुलाई अब पूर्ण रुपमा छुट दिए जस्तो छ ।खुल्लेआम सडकमा सयौं मानिसहरुलाई भोजभतेर गर्ने उम्मेदवारलाई कारबाही गर्न चासो लिइरहेको छैन् ।एकै जना उम्मेदवारले दर्जनौ सवारी साधन कुदाइरहेका छन् ।त्यसकोपनि खोज पनि आयोगले गरिरहेको छैन् ।आयोगले आचारसंहिता उल्लंघनलाई कारबाही गर्ने विषयमा मौन देखिएको छ ।कडाईका साथ आचारसंहिता पालना नभए मौन अवधि आर्थिक रुपमा कमजोर रहेका उम्मेदवारहरुका लागि घातक हुनेछ ।सम्भ्रान्त उम्मेदवारहरुले मौन अवधिमा हालको भन्दा कयौं गुणा बढी रकम खर्च गर्ने छन् ।मतदाताहरुलाई प्रभावित गर्न उनीहरुले मोटो धनराशी खर्च गरेर चुनावमा जित हात पार्न सक्ने संभावना बलियो छ ।त्यसलाई रोक्न आयोगले अहिलेदेखि नै आचारसंहिता र निर्देशनलाई कडाईका साथ पालना गराउनु आवश्यक छ ।निर्वाचन आयोगको प्रमुख काम नै स्वतन्त्र, निष्पक्ष रुपमा भयरहित निर्वाचन गराउने हो ।प्रचारबाजी गरेर दल र उम्मेदवारहरुमाथि दबाब बनाउन आयोग पूर्ण रुपमा असफल भइसकेको छ ।मतदाता शिक्षाको प्रभावकारिता पनि अपेक्षा गरिए जस्तो छैन् ।मतदाता शिक्षाका लागि उम्मेदवारहरुले पनि कार्यकर्ताहरु व्यापक परिचालन गर्ने छन् । आयोगले अबको बाँकी दिनमा आचारसंहिताको प्रभावकारी नियमन र उल्लंघन गर्नेलाई तत्काल कडा कारबाही गर्नुपर्ने हो ।आयोग कुनै दल विशेषका उम्मेदवारलाई छुट दिने अथवा कुनै दलका उम्मेदवारलाई लक्षित गरी कारबाही गर्ने काम आयोगको होइन् ।आयोगले स्वतन्त्र र निष्पक्ष चुनाव गराउन नै केन्द्रित हुनुपर्छ ।आयोगको निष्पक्षतामाथि प्रश्न उठनु हुँदैन् ।आयोगले आचारसंहिता र निर्देशनहरुको पालना गराउन विशेष ध्यान दिनु आवश्यक छ ।

# नतातेको जाडो र उत्कर्ष गर्मीतिर चुनावी वाचा



**सञ्जय साह मित्र**

अपेक्षाअनुसारको जाडो हुन सकेको छैन । दशैंको समयमा जाडो ठिकैको होला भन्ने अनुमान थियो तर छठको बेलासम्म पनि खासै जाडो हुन सकेको पाइएन । हाम्रो समाजमा एउटा लोकोक्ति प्रचलनमा छ :

**कात्तिकमे जाढके जलम भेल**
**अगहनमे लडिकाई**
**पुसमे जाढ जमान भेल**
**माघमे ठाने लडाइ ।**

यसै गरी जाडोको विषयमा अर्को कथन पनि प्रचलनमा रहेको छ । जाडोको जन्म भदौ महिनामा भएको हो । भदौ महिनाको लक्ष्पाँचेको दिन जाडोको जन्म भएको हो रे । यस दिन पृथ्वीमा पाँच भार जाडो आउँछ । दशैंमा दश भार र छुटेफुटेको सबै जाडो छठमा आउँछ रे । यसै कारण छठको समयमा जाडो हुन्छ भन्ने मान्यता रहेको छ । तर यस वर्ष किसानको दृष्टिकोणले र बालीको दृष्टिकोणले मौसम अलिक पछात छ अर्थात् मौसम अलिक पछौटे समय भएको छ । कात्तिकको पूर्णिमासम्म सामान्यता धान काटिसकेको हुनुपर्ने हो तर अझै पनि धान बाँकी नै छ । यसपटक मंसिरा धान मंसिरमै काट्छन् किसानले । हो, धान भित्र्याएपछि जाडोको मौसम सुरु हुन्छ भन्ने मान्यता पनि रहेको छ ।

अर्को वर्ष मलमास हुने सम्भावना भएकोले मौसम अलिक पछौटे भएको हुनुपर्छ । यसले गर्दा सरिहन धानको कटनीको मौसम जहिले हुनुपर्ने हो तहिले हुन पुगेको छ र यसबाट यो स्पष्ट हुन्छ कि चाडपर्व अलिक छिटो भएको र धानबालीको दृष्टिकोणले मौसम ठिक नै रहेको छ । यद्यपि सर्वसाधारणको भनाइ यो रहेको छ कि घाममा अझै टेम्पर छ, बिहान अलिकति जाडोको अनुभूति मात्र हुन्छ तर जाडो हुँदैन । अझै सिरक चाहिएको छैन । पातलो ओढ्ने र एउटा चिटरले अहिलेको जाडो कटिरहेको छ । तात्न नसकेको जाडो सर्वसाधारणको अनुकूल बनेको छ । जाडो नताते पनि चुनावी गर्मी विस्तारै उत्कर्षतिर गइरहेको छ अर्थात् अहिले चुनावको तातोपनले सबैलाई तताएको देखिएको छ ।

गाउँका सर्वसाधारण मतदातालाई भेट्न गाउँदेखि सहरसम्मका ठूला ठूला मानिस आइरहेका छन् । यो लोकतन्त्रको सौन्दर्य हो । टेलिभिजनमा देखिने गरिएका, सधैं समाचारमा आउने गरेका तथा गाउँले र छिमेकीबाट धेरै नाम सुनिएका नेताहरु पनि अहिले मतदातालाई भेट्न उनको घर, खेत र खरिहानसम्म पुगिरहेका छन् । मतदाताको अहिले मान बढेको छ । चुनावकै समय यस्तो समय हो जब मतदाताको मान सबैभन्दा बढी हुन्छ । राजनीति गर्ने अर्थात् मतदाताबाट अनुमोदित हुन चाहनेले पनि यसै समयको लागि सदैव आफूलाई केन्द्रित पारेका हुन्छन् । यद्यपि अहिले को र कहाँ पुगिरहेका छन् भन्ने समाचार खासै बन्न सकिरहेको छैन ।

सामान्य अवस्था हुँदो हो वा अहिले जसरी विशिष्ट मानिएका राजनीतिज्ञहरु जसरी सर्वसाधारणको घर तथा खेतसम्म पुगिरहेका छन्, आफैंमा समाचार बन्नु पर्ने हुन्थ्यो तर जब मतदाता नै ठूलो मानिने पर्व हो यो चुनाव । अहिलेको अवस्थामा यदि मतदातालाई भेट्न वा मत माग्न ठूला नेताहरु पुग्नुलाई सर्वसाधारणले पनि सामान्य मान्न थालेको पाइएको छ । अहिले त कतिपय अवस्थामा कोही कोही नेता मत माग्न घरमा आउँदा मतदाताले खाना खान थालेको अवस्था हुन्छ भने एक छिन पर्खिन पनि थालेका छन् नेताहरु । हो, अहिले नेताको परिचय अलिकति फेरिएको छ । अहिले नेताभन्दा बढी उम्मेदवारको प्रसंग चल्ने गरेको छ । अहिले मतदाता र उम्मेदवारको सम्बन्ध प्रगाढ बनेको पाइएको छ ।

मतदाताहरु पनि बाठो भइसकेका छन् । मतदाताको चेतनाको स्तर विस्तारै बढिरहेको पाइएको छ । अहिले गाउँमा पनि के देखिएको छ भने उम्मेदवारलाई सर्वसाधारणले ठाडो प्रश्न सोध्न थालेका छन् । विगतका कामप्रति उम्मदेवारकै अगाडि असन्तुष्टि दर्शाउन थालेका छन् । आफ्नो कार्यबारे सही कुरा बताउन थालेका छन् । र, यसैसित जोडिएको यो पनि सकारात्मक पक्ष हो कि नेताहरुलाई अन्ततः तपाईंलाई नै भोट दिन्छु भन्न थालेका छन् । कोही पनि उम्मेदवारलाई एकान्तमा गएर भेट्दा मतदाताले हृदय खोलेर कुरो गरेको जस्ता पत्यार बनाउन सफल हुन्छन् । जसरी विगतमा आश्वासन दिँदा पनि उम्मेदवारले पत्याउने गरेरै मत मागेका थिए, त्यसै गरी मतदाताले पनि अहिले आफूसित मत माग्न आउने नेताहरुलाई पूरा विश्वासमा लिने गरी मत दिन्छु भनिरहेका छन् ।

यसरी धेरै उम्मेदवारले आफूलाई धेरै मतदाताले मत दिने आश्वासन दिएको पाइरहेका छन् र सोही आश्वासनका आधारमा धेरै उम्मेदवारले आफूलाई विजयको सपना देखेको मात्र नभई देखेको सपना साकार भइरहेको मानिरहेका छन् । अब मंसिर ४ को दिनको औपचारिक प्रतीक्षा रहेको छ । त्यस दिन मतदान हुँदा आफूलाई सर्वसाधारण मतदाताले आफ्नो अभिमत आफ्नो पक्षमा जाहेर गर्नेछन् भन्ने पूर्ण विश्वास पाइरहेका छन् ।

यद्यपि कतिपय उम्मेदवारले भने राम्ररी बुझिरहेका छन् कि कसको चर्चा बढी भइरहेको छ । चर्चा जसको बढी हुन्छ, प्रतिस्पर्धामा उही रहन्छन् । यो सामान्य सत्य हो तर धेरैले भित्रभित्रै मेरो पक्षमा जनमत आउने दाउ पनि खोजिरहेका छन् ।

अब चुनाव आउन धेरै बाँकी छैन । चुनावको दिन अब निकटै आइसकेको छ । उम्मेदवारहरुले मुखले अहिले जसरी आश्वासन दिइरहेका छन् । ती आश्वासनले यस्तो अनुभव भइरहेको छ कि अब निर्वाचित हुने जनप्रतिनिधिले यस देशलाई कल्पना लोकको स्वर्गभन्दा पनि राम्रो बनाइछाड्ने छन् । मौखिक आश्वासन त आफ्नै ठाउँमा छ, स्वयं उम्मेदवारहरुले दिने गरेको लिखित आश्वासनलाई पनि राम्ररी अध्ययन गर्ने हो भने यो देशलाई देखेर अब केही वर्षमा स्वर्गले पनि ईर्ष्या गर्नुपर्ला । हो, उम्मेदवारहरुको लिखित प्रतिबद्धता भन्नु चाहिँ घोषणापत्र हो, प्रतिबद्धता पत्र हो, संकल्प पत्र हो ।

*वास्तवमा नाच तथा टिकटक र अन्य कलाकारलाई मतदातासमक्ष प्रस्तुत गर्नुको अन्तर्य नै यही हो कि मतदाताको ध्यान आफूतिर तानियोस्। मतदाताले आफूलाई चिनून् र धेरै मतदाताको ध्यान आफूतिर तान्न सकियो भने केही मात्रामा भए पनि मत बढ्ने छ। आजभोलि भीडलाई देखेर पनि भोट पाइन्छ भन्ने मनोविज्ञानले विकास गरेको छ। यथार्थ जे भए पनि सर्वसाधारणको ध्यान तान्नको लागि उम्मेदवारहरुले कलाकारको उपयोग गरिरहेका छन्। कलाकारहरुले पनि यसै मौकामा केही राम्रो रकम पाइरहेका छन्। कमाई हुनु भनेको राम्रो हो तर कलाको प्रदर्शनको यो उचित अवसर हो होइन भन्ने विषयमा सम्बन्धित क्षेत्रका मानिसहरुले भने विमर्श गर्ने अवसर आइसकेको छ।*

जे नाम दिए पनि चुनावको समयमा दिइने वाचा हो । यदि विगतको घोषणापत्रको अध्ययन गर्ने हो वा तिनै उम्मेदवारका मौखिक वाचाहरुलाई सम्झना गर्ने हो भने अहिले उदेक लाग्छ तर के भनिन्छ भने हिजो त बिर्सियो । वर्तमानमा भविष्य खोज्ने हो । वर्तमानले बोलेको सुन्ने हो र भविष्यको आधार कोर्ने हो । विगतलाई मात्र कोट्याइरहने हो भने सधैं वर्तमानमा अलमलिइरहनु पर्ने हुन्छ । भविष्यको रेखा खिच्न वर्तमानमा अगाडि बढ्नु पर्छ । पहिले ल्याइएका कुराहरु परिस्थितिवश पूरा हुन सकेनन् ।

देशमा कोरोनाको निरन्तर प्रहार भइरह्यो । देशको अर्थतन्त्रमा नकारात्मक असर पर्‍यो । उद्योग, कलकारखाना, व्यापार, शिक्षा, पर्यटन आदि सबै क्षेत्रमा कोरोनाको प्रभाव परेकोले विगतमा घोषणा गरिएअनुसार काम गर्न पाइएन तर यसपटक भने सबै कुरा सामान्य रहेको छ । अलिकति महँगी भने बढेको छ तर यसै अनुसारको नीति तथा कार्यक्रमको निर्माण गरिएकोले अबको समयमा अहिलेको घोषणापत्र पूर्ण कार्यान्वयनको लागि विश्वास दिलाउन चाहन्छु । सर्वसाधारण मतदाता चाहिँ हाम्रा उम्मेदवार हरुका अगाडि त्यत्ति तर्कशील भइसकेका छैनन् । यसकारण अगाडि बोलिएका कुराहरु सुन्ने र जाने बेलामा हातमा थमाइदिने घोषणापत्रलाई आफ्नो फुर्सदको समयमा एकपटक पढ्ने मौका पाएका छन् । सबै घोषणापत्रमा आधारभूत सारतत्वमा खासै फरक पाउँदैनन् मतदाता किनभने सबै घोषणापत्रमा राम्रै कुरा लेखिएका छन् । राम्रा कुराले सबैको मनलाई छुन्छ तर पनि कुरामा भन्दा कामप्रति विश्वास बढी हुनुपर्ने हो । यद्यपि कामहरु त विगत हुन्छन् र वर्तमानमा सबै उम्मेदवार नै हुन्छन् ।

अहिले डिजेले ठूल्ठूलो स्वरमा गाउँलाई घन्काएको छ । डिजेमा जिन्दावाद र चुनाव चिन्हको प्रचारले मतदाताको कानलाई असजिलो पार्न थालेपछि कतिपय ठाउँमा अनेक नाउँमा आर्केस्टाको नाच नचाइएको छ । विभिन्न बहानामा टिकटक कलाकारलाई बोलाइएको छ । वास्तवमा नाच तथा टिकटक र अन्य कलाकारलाई मतदातासमक्ष प्रस्तुत गर्नुको अन्तर्य नै यही हो कि मतदाताको ध्यान आफूतिर तानियोस् । मतदाताले आफूलाई चिनून् र धेरै मतदाताको ध्यान आफूतिर तान्न सकियो भने केही मात्रामा भए पनि मत बढ्ने छ ।

आजभोलि भीडलाई देखेर पनि भोट पाइन्छ भन्ने मनोविज्ञानले विकास गरेको छ । यथार्थ जे भए पनि सर्वसाधारणको ध्यान तान्नको लागि उम्मेदवारहरुले कलाकारको उपयोग गरिरहेका छन् । कलाकारहरुले पनि यसै मौकामा केही राम्रो रकम पाइरहेका छन् । कमाई हुनु भनेको राम्रो हो तर कलाको प्रदर्शनको यो उचित अवसर हो होइन भन्ने विषयमा सम्बन्धित क्षेत्रका मानिसहरुले भने विमर्श गर्ने अवसर आइसकेको छ । तर कतिपय नवोदित कलाकारले भने यस्तो समयमा आफूलाई धेरैको अगाडि र लगातार धेरै दिनसम्म प्रस्तुत गर्न पाउँछन् जसले गर्दा अभ्यास राम्रो हुन्छ र केहीले चिन्ने मौका पनि पाउँछन् । कलाकारिताको दृष्टिकोणले पनि यो आम चुनाव महत्वपूण रहेको धेरैको ठम्याइ रहेको छ ।

अहिले जाडोको खोजी भइरहेको छ र जाडो अझै तातेको छैन । तात्न नसकेको जाडोमा भने चुनावी वाचा निकै तातिरहेको छ । गर्मीको महिनामा अहिलेकै जस्तो जाडो खोज्न कुनै कृत्रिम घर अर्थात् यस्तो एसि लगाइएको घरमा पुग्नुपर्छ जहाँको तापक्रम चाहेको जत्ति क मगर्न सकियोस् तर अहिले गर्मीलाई भने कताकति अप्राकृतिक मान्न थालिएको छ ।

अप्राकृतिक गर्मीमा चुनावी वाचाको तातोपनले सर्वसाधारणलाई केही हुने आशा जगाउन सकिरहेको छैन । साधारण मतदाताले पनि यो बुझिरहेका छन् कि अहिले भनिएका कुरा सायदै कसैले लागू गर्दछन् । विगत पनि यस्तै रहेको छ । वाचाको बाढीमा मतदाता भने किनारमा छन् र हेरिरहेका छन् अर्कै आँखाले । त्यो आँखा जसले मनमा विश्वासको अंकुरण गरोस् उम्मेदवारमध्ये एकलाई र विस्तारै त्यो दिन पनि आउँदैछ जब सबै मतदाताले आफ्नो लोकतान्त्रिक अधिकारको प्रतीक कुनै एक चिन्हमा दर्ता गरुन् र बक्सामा हालून् ।

# उत्तराखण्डको जोशी मठको जमिन किन भासिँदै छ ?

**अञ्जु सकलानी**

कुण्डलगायतका ठाउँको भ्रमण गर्न हरेक वर्ष लाखौं मानिस भारत-चीन सीमा नजिकको नगर जोशी मठ पुग्छन् ।तर केही समययता उत्तराखण्डको जोशी मठका मानिसहरूले आफ्नो घर धसिँदै गएको गुनासो गर्दै आएका छन्। ती घरहरूमा धाँजा फाटेका छन् ।जोशी मठ भारतको सबैभन्दा बढी भूकम्प प्रभावित जोन-५ मा पर्छ। सन् २०११ को जनगणना अनुसार यहाँ करिब चार हजार घरमा १७ हजार मानिस बस्छन्। तर समयसँगै यो नगरमा मानिसको घनत्व बढ्दै गएको छ।

जोशी मठको बीचबाट अलि पर ढलान गरेका घरले भरिएको सुनील नामको एउटा गाउँ छ।छतबाट तल ओर्लिएर सुनैना सकलानीले हामीलाई उनको घरका कोठा देखाउन लगिन्।नीलो रङ्गको कोठाको भित्ता चर्किएको थियो र भुइँमा धाँजा फाटेका थिए।अवस्था यस्तो थियो कि त्यहाँ उभिनु पनि सायद सुरक्षित थिएन।कुनै समय सुनैना आफ्ना दिदीबहिनीसँग यही कोठामा बस्ने गर्थिन्। पहिले यो कोठामा दुई वटा खाट थिए। एक छेउमा मन्दिर थियो। यहीं उनका किताबहरू थिए। तर अहिले कतै जमिनभित्र भासिने हो कि भन्ने डरले यो कोठा बन्द रहन्छ।सबै दिदीबहिनीहरू अहिले छेउको अर्को कोठामा सरेका छन्।

उनी भन्छिन्, "गत अक्टोबरको वर्षापछि यहाँ बिस्तारै चिरा पर्न थाल्यो, पहिलो दिन सामान्य लाग्यो तर दोस्रो दिन चिरा झन् बढेको देखेपछि हामी निकै आत्तियौं। एक महिनामै कोठा बिग्रन थाल्यो।छेउमै रहेको काकीको घरको अवस्था पनि फरक छैन। त्यसको भुइँ, पर्खाल, छतमा परेका चिराहरूबाट उनी त्रस्त छिन् । काका मजदुरको रूपमा काम गर्छन् र उनी २० वर्षभन्दा बढी समयदेखि यही घरमा बस्दै आएका छन्।सुनैनाकी काकी अञ्जु सकलानी भन्छिन्, "कोठाहरू बस्नका लागि उपयुक्त नै छैनन्। गएर हेर्नुस् न, कस्तो स्थिति छ। कसरी चिरा परिरहेको छ। हामी कसरी यहाँ बसिराखेका छौं? हामी यता उता कता जाऔं? मान्छेहरू भन्छन्, यता जाऊ,उता जाऊ,यहाँ बनाऊ, उता बनाऊ,कहाँ बनाऊँ हामीले? बेरोजगार छौं। हामीलाई पैसा चाहियो। ऋण लिएर त हामीले घर बनाएका थियौं। अझैं तिरेका छैनौं। अनि अर्को घर कहाँबाट बनाउन सक्छौं र?"

अञ्जु सकलानीका अनुसार त्यहाँका परिवारले प्रशासनसँग सहयोग मागे र पत्रकारलाई आफ्नो पीडा सुनाए तर सुनुवाइ भएन।चिसो बढ्दै गएको छ र यी चर्किएका पर्खाल वा छानाले हिउँको बोझ कति र



कति धान्न सक्छन्, कसैलाई थाहा छैन।अञ्जु सकलानी भन्छिन्, "धेरै पानी पर्दा हामी बच्चाहरूलाई लिएर बाहिर उभिन्छौं। पर्खाल भत्किएला वा छत खस्ला कि भनेर डराउँछौं।"जोशी मठमा धेरैले हामीलाई आफ्नो घरको अवस्था देखाउन एकपछि अर्को गर्दै लगे।

कतै हामीले उनीहरूको आवाज माथि पुर्‍याइदिन्छौं कि भन्ने उनीहरूको आशा थियो। आफ्नो आवाज कसैले नसुनिरहेको उनीहरूको गुनासो छ। "होइन, त्यस्तो होइन। हामी सबै सुनिरहेका छौं, सरकारले सुनिरहेको छ। मुख्यमन्त्री यसमा गम्भीर हुनुहुन्छ," उत्तराखण्डको विपद् व्यवस्थापन सचिव डा. रञ्जितकुमार सिन्हा भन्छन् । पीडित परिवारका लागि वैकल्पिक व्यवस्थाको आश्वासन दिँदै सिन्हाले भने, "त्यसका लागि जग्गा पहिचान गर्न हामीले जिल्ला अधिकारीलाई नजिकै कतै उपयुक्त ठाउँ छ कि भनेर हेर्न भनेका छौं । अनि अर्को कुरा त्यहाँ थप क्षति नहोस् भनेर हामी काम गर्नेछौं।" "राज्यको विपद् व्यवस्थापन कोषमा करिब १८०० करोड रुपैयाँ छ र डिसेम्बरमा करिब ४०० करोड थप आउने छ। त्यसैले पैसाको अभाव छैन। हामीले के गर्ने भन्ने निर्णय गरिसकेपछि हामी सम्पूर्ण शक्ति लगाएर काम गर्नेछौं।"डा. सिन्हाले छिटो काम गर्ने कुरा गर्छन् तर जोशी मठका बासिन्दाको निम्ति प्रत्येक दिन कष्टकर बन्दै छ ।

**किन भासिँदै छ जमिन?**

नजिकैको गाउँ रवि ग्रामकी सुमेधा भट्ट १० वर्षअघि यहाँ घर बनाएर सरेकी हुन्। उनले घरमा २० लाख रुपैयाँभन्दा बढी खर्च गरिसकेकी छन्। चिरा परेका भित्ताबाट सर्प र बिच्छी घरभित्र पस्ने डरले उनले घर मर्मत गरिन् तर कुनै फाइदा भएन । उनको घरको भान्सा र कोठाका भित्ता र भुइँमा चिरा परेका थिए। एउटा चिराबाट सर्पको बच्चा घस्रिरहेको देखेपछि उनले त्यसलाई भगाउन फिनाइल लिएर आइन्।

उनी भन्छिन्, "जमिन भासिँदै जाँदा ढोका पनि लच्किन्छ। त्यसैले ढोका बन्द हुँदैनन्। चुकुल लाग्दैन। पानी परिरहेकाले झन् बढी डर लागेको छ। साना केटाकेटी छन्, रातमा कहाँ जाऊँ ?" घर भत्किने डरले मानिसहरूले टेको लगाएका छन्। स्थानीयवासीले भने, 'केही दुर्घटना होला भन्ने डरले मानिसहरू घर छोडिरहेका छन्।'गत असोज महिनामा परेको अविरल वर्षाका कारण घरमा चिरा देखिन थालेको सकलानी परिवारले बताए।अक्टोबर १७-१९ को बाढीले उत्तराखण्डमा ठूलो क्षति पुर्‍याएको थियो ।

एक रिपोर्टका अनुसार गत अक्टोबर १८ गते बिहान साढे आठ बजेदेखि २४ घण्टासम्म जोशी मठमा १९० मिलिमिटर वर्षा भएको थियो।सुमेधा भट्टका अनुसार गत गत फेब्रुअरी महिनामा हिमनदी फुटेपछि मार्च महिनादेखि चिरा देखिए र त्यसपछि धाजाहरू बढ्न थालेका हुन्। उत्तराखण्डमा हिमनदी फुट्दा दुई सयभन्दा बढीको मृत्यु भएको थियो । जोशी मठ भासिनु कुनै नौलो कुरा होइन। सन् १९७६ मा मिश्रा समितिको प्रतिवेदनले नगर भासिएको उल्लेख छ।

स्थानीय अभियानकर्मी अतुल सतीले विगतका दशकहरूमा जोशी मठ भासिने क्रम रोकियो पनि र गत वर्षको फेब्रुअरी र अक्टोबरको प्राकृतिक विपत्तिले जोशी मठमा भासिने क्रमलाई तीव्र बनाइ दियो। तर ती दाबीहरूको वैज्ञानिक रूपमा पुष्टि हुन बाँकी छ ।

**बढ्दो व्यवसायीकरण**

जनसंख्या वृद्धि र भवन निर्माण बढ्ने क्रममा ७० को दशकमा पनि जनताले पहिरो लगायतका गुनासो गरेपछि मिश्रा समिति गठन भएको थियो । समितिको प्रतिवेदनअनुसार जोशी मठ पुरानो पहिरो क्षेत्रमा अवस्थित छ र पहाडबाट झरेका ठूल्ठूला टुक्रा र माटोको अस्थिर थुप्रोमा यो नगर छ । गत वर्ष फेब्रुअरीमा, यो नगर रहेको थुप्रोसँग हिमनदी फुटेपछिको भग्नावशेष ठोक्किएको थियो, जसका कारण भूसतह झनै अस्थिर बनेको पनि ठानिन्छ। यद्यपि यो दाबी पनि वैज्ञानिक रूपमा पुष्टि हुन बाँकी छ । जानकारहरूका अनुसार निर्माण कार्य र जनसङ्ख्याको बढ्दो बोझ, वर्षा, हिमनदी वा ढलको पानी जमिनमा माटो बगाउनाले चट्टान हल्लिनु, ढल निकासको व्यवस्था नहुनु लगायतका कारण जोशी मठ भासिनेक्रम बढेको हो । सन् १९७६ को प्रतिवेदनमा भनिएको छ, "कतिपय निकायले जोशी मठ क्षेत्रको प्राकृतिक वन निर्ममतापूर्वक नष्ट गरेका छन्। चट्टानी क्षेत्रहरू खाली र रूखविहीन छन्। जोशी मठ करिब छ हजार मिटरको उचाइमा छ तर रुखहरू आठ हजार फिटको उचाइ क्षेत्रमा धकेलिएका छन् र रुखहरू नभएकाले कटान हुनुका साथै पहिरो गएको छ। नाङ्गा चुचुराहरू मौसमको आक्रमणको लागि खुला छन्। ठूला ढुङ्गाहरू रोक्ने केही छैन।"

प्रतिवेदनमा ठूला निर्माण कार्यमा प्रतिबन्ध लगाउन, सडक मर्मत तथा अन्य निर्माणका लागि उत्खनन वा विस्फोट गरेर ठूला ढुङ्गा नहटाउन, रुख र घाँस रोप्ने बृहत् अभियान थाल्नुपर्ने र पक्की नाली बनाउन सुझाइएको छ। उत्तराखण्डका प्रकोप व्यवस्थापन सचिव डा रञ्जितकुमार सिन्हाका अनुसार जमिन भासिने समस्या उत्तराखण्ड र हिमालयसँग जोडिएका सबै राज्यको हो । उनी भन्छन्, "म भर्खरै सिक्किमबाट आएँ, सबै हिमाली राज्यहरूको सम्मेलन थियो। पुरै गान्तोकमा पहिरो र भासिने गम्भीर समस्या छ। पुरै सहर भासिँदै गएको छ।"

**त्यसो भए १९७६ को प्रतिवेदनका सिफारिसहरूको के भयो?**

अभियानकर्मी अतुल सति भन्छन्, "(प्रतिवेदनका) सुझाव र चेतावनीलाई कसैले पालना गरेनन्। बरु उल्टो भयो। प्रतिवेदनले चट्टान छेड्न नहुने सुझाव दिएको थियो तर यहाँ विस्फोटबाट कैयौं चट्टानहरू तोडियो । "

उनले भने, "जोशी मठ निरन्तर विस्तार हुँदै गएको छ, मानिसहरू आउने क्रम बढेको छ तर त्यसअनुसार सहरी सुविधा छैन, पानीको निकासको व्यवस्था छैन, ढलको व्यवस्था छैन, यी कारणले भासिने क्रम तीव्र भएको छ।"भू-वैज्ञानिक र जानकारहरूको सेप्टेम्बर २०२२ को एउटा रिपोर्टमा पनि 'नियन्त्रित विकास' को कुरा गरिएको छ । सतिका भनाइमा जोशी मठको अवस्था मात्र त्यस्तो होइन। गोपेश्वर उत्तर काशी, अल्मोड़ा, बागेश्वरको अवस्था पनि फरक छैन। उनले भने, "उत्तराखण्डको पहाडी क्षेत्रको भौगोलिक क्षेत्र यस्तै छ। निकै संवेदनशील छ।"

उनका अनुसार जोशी मठमा एक सयभन्दा धेरै होटल, रिसोर्ट र होम-स्टे छन्।उनी भन्छन्, "पछिल्लो ३१ डिसेम्बरमा औली नगरपछि जोशी मठ मानिसहरूले भरिएको थियो। जोशी मठमा मानिसहरू गाडी भित्रै सुते। राती ११-१२ बजे ओछ्यान लिन मानिसहरू हामी कहाँ आए। एउटी केटी पर्यटक मेरी छोरीसँग सुतिन् ।" मिश्रा आयोगको प्रतिवेदन अनुसार जोशी मठमा सन् १९६२ देखि ठूला भवन बन्न थालेका हुन्।अतुल सतीले सन् १९६२ मा चीनसँगको युद्धपछि सडकको विकास तीव्र गतिमा भएको उल्लेख गर्दै भने, "त्यस क्षेत्रमा सेना बस्न थाल्यो, हेलिप्याड बन्यो। उनीहरूका लागि भवन, ब्यारेक बन्न थाले।

**तर आज कति भासिने गरेको छ?**

आर्काइभ स्याटेलाइट तस्बिरहरूको सहयोगमा, देहरादुनको वाडिया इन्स्टिच्युट अफ हिमालयन जियोलोजीकी भू वैज्ञानिक डा स्पन्मिता वैदिस्वरनले यही प्रश्नको जबाफ खोज्ने प्रयास गरिरहेकी छन् । उनले जोशी मठको भिरालो जमिनमा हजारौं बिन्दुहरू चयन गरिन्। स्याटेलाइट तस्बिरहरूको मद्दतले, उनले ती बिन्दुहरू सुरुदेखि अन्त्यसम्म कति तलसम्म भासिए भन्ने जान्न दुई वर्ष भन्दा बढी समयसम्म ट्र्याक गरिन् । उनी भन्छिन्, "कुल विस्थापनको अर्थ पहिलो दिनदेखि अन्तिमसम्म हो। र, वर्षभरिको निम्ति गतिको मापन मिलिमिटरमा गरिन्छ। हामीले रवि ग्राम प्रत्येक वर्ष ८५ एमएमको गतिमा भासिइरहेको देखिरहेका छौं। यसको मतलब यो पहिरोको प्रभाव होइन बरु यो हरेक वर्ष ८५ एमएमको गतिमा डुबिरहेको छ, जुन निकै उच्च छ।"जोशी मठको नक्सामा केही स्थिर बिन्दुहरू पनि छन्।

### डडेल्धुरामा प्रमका चार दिन

# मतदाताका अपेक्षादेखि देउवाका योजनासम्म



डडेल्धुरा । पाँचपटक मुलुकको कार्यकारी प्रमुखको जिम्मेवारी सम्हाल्ने व्यक्तित्व जन्माएको सुदूरपश्चिमको डडेल्धुरा जिल्ला आफैँमा विकासका दृष्टिमा यहाँका अरू छ पहाडी जिल्लाको तुलनामा अघि छ।

त्यसो त भौगोलिक रुपले पनि सात पहाडी जिल्लाको पायक पर्ने स्थानमा अवस्थित छ डडेल्धुरा । विसं २०४८ संसदीय निर्वाचनदेखि अनवरतरूपमा जिल्लाको प्रतिनिधित्व गर्दै आउनुभएका प्रधानमन्त्री शेरबहादुर देउवाको जन्मस्थल यही जिल्ला हो । नेपाली कांग्रेसको विद्यार्थी सङ्गठन नेपाल विद्यार्थी सङ्घबाट राजनीतिक जीवन सुरु गर्नुभएका देउवा अहिले माउ पार्टी कांग्रेसकै सभापति हुनुहुन्छ । उहाँ नै आगामी मङ्सिर ४ मा आयोजित प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा प्रतिनिधिसभा सदस्यको उम्मेदवार हुनुहुन्छ।

प्रतिनिधिसभामा यो उहाँको सातौँ पटकको उम्मेदवारी हो। यसअघि छपटक उहाँले यसै क्षेत्रबाट निर्वाचित हुनुभएको छ र मुलुकको गृह हुँदै प्रधानमन्त्रीको जिम्मेवारी सम्हालिसक्नुभएको छ । त्यसैले आसन्न निर्वाचनमा पनि यहाँका जनताले उहाँलाई नै चयन गर्नेमा उहाँ ढुक्क हुनुहुन्छ।

सात स्थानीय पालिका रहेको डडेल्धुरामा यस पटक निर्वाचन लक्षित चारदिने कार्यक्रम सकेर धनगढी फर्किनुभएका प्रधानमन्त्री देउवाले गृह जिल्लाको समग्र विकासका जनआकाङ्क्षानुसार अघि बढ्ने योजना मतदाताहरूलाई चुनावी सभाका क्रममा सुनाउनुभयो।

गत बिहीबार डडेल्धुरा सदरमुकाम खलङ्गामा पहिलो चुनावी सभामा सम्बोधन गरेका देउवाले सत्तागठबन्धनका उम्मेदवारसहित सबैजसो पालिका पुगेर मत माग्नुभयो।

आइतबार भित्रीमधेसस्थित जोगबुढामा चुनावीसभामा अन्तिम सम्बोधनपछि गृह जिल्लाबाट बिदा भएर धनगढी आउनुभएका प्रधानमन्त्री देउवाको चुनावी भेटघाट नियमित छ। विसं २०४८ को संसदीय निर्वाचन जितेपछि जितको यात्रालाई सातौँपटक निरन्तरता दिने तयारी रहेका देउवाललाई यस पटक भने विगतका निकटतम प्रतिद्वन्द्वी दल नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादी लगायतका सत्ता गठबन्धन दलको दरिलो साथ रहेको छ।

सुरुदेखि नै देउवालाई मत दिएर राष्ट्रिय राजनीतिमा स्थापित गराउँदै आएका डडेल्धुरावासीको यस पटकको माग भने शिक्षा, स्वास्थ्य क्षेत्रको सुधारका साथै भित्रीमधेसमा नदी कटान नियन्त्रणका लागि तटबन्धदेखि महाकालीमा पुलसम्म रहेका छन् । चुनावी सभामा सम्बोधनका क्रममा प्रधानमन्त्री देउवाले स्थानीयस्तरमा रहेका समस्या समधानका साथै डडेल्धुरामा मेडिकल कलेज स्थापनादेखि विमनस्थल निर्माणको विषय मतदातासामु राख्नुभयो।

डडेल्धुराको आलितालमा आयोजित चुनावीसभामा देउवाको सभामा सहभागी भएका आलिताल गाउँपालिका-४ का ९० बर्षीय बलभद्र बोहराले देउवालाई सुदूरपश्चिमको खम्बाका रूपमा चित्रण गर्नुहुन्छ । "देउवाजी सुदूरपश्चिमको अभिभावक र हाम्रो खम्बा नै हो", उहाँले भन्नुभयो, "डडेल्धुरावासीले राखेका माग उहाँले पूरा गर्दै आउनुभएको छ, उहाँप्रति नै हाम्रो आशा र भरोसा रहेको छ।"

उहाँले देउवाले राज्य तथा राजनीतिमा प्राप्त गरेको सफलता सुदूरपश्चिमका लागि गौरवको विषय भएको बताउनुभयो । "भित्रीमधेसमा राम्रो अस्पताल भइदिए बिरामीहरूले उपचारका लागि तराई झर्नुपर्ने थिएन", बोहराले भन्नुभयो, "यहाँ पानीको स्रोत भए पनि सिँचाइका लागि व्यवस्था गरिदिए हुन्थ्यो, यसपालि उहाँलाई जनताले राम्ररी माग राखेका छन्, हेरौँ यो पनि उहाँले पूरा गर्नुहुनेछ ।" उहाँले स्थानीय खोलाको तटबन्ध निर्माण बाँकी रहेको सो विषय नेताहरूलाई दबाब दिइने बताउनुभयो।

"निष्ठाको राजनीतिमा खडेरी परिरहेका बेला डडेल्धुरावासी एकताबद्ध भएर लामो समयदेखि देउवालाई नै जिताउँदै आएका छन् र उहाँले पनि यहाँका नागरिकको आशा र भरोसाको सम्मान गर्दै आउनुभएको छ । बोहराले भन्नुभयो, "अहिले त बुवा/छोराको विचार नमिल्ने बेला देउवाजीले ठूला पार्टीबीच गठबन्धन गरेर कुशल क्षमता प्रदर्शन गर्नुभएको छ यसलाई हामीले सम्मान गर्नुपर्छ।"

चुनावी सभामा प्रधानमन्त्रीले आफूलाई मात्र नभई प्रदेशसभाका सत्ता गठबन्धनका उम्मेदवारलाई समेत मत माग्दै हिँड्नुभयो। "मै सित माओवादी नेता खगराज भट्टजी तीनपटक निर्वाचन हारे", देउवाले भन्नुभयो, "यसपटक गठबन्धनबाट उहाँलाई जिताउनुहोस, सुदूरपश्चिमको मुख्यमन्त्री बनाइने छ।"

उहाँले विगतको राजनीति लडाइँ बिर्सेर आगामी दिनमा स्थायी सरकारका लागि पनि गठबन्धन आवश्यक रहेको विषयमा मतदातालाई आश्वस्त पार्नुभयो । चुनावी सभाका क्रममा यहाँको परशुराम नगरपालिका, आलिताल गाउँपालिका, भागेश्वर, अजयमेरु गाउँपालिका, गन्यापधुरा र नवदुर्गा गाउँपालिकामा सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले पाँचदलीय गठबन्धनलाई नै मत माग्नुभयो।

डडेल्धुरामा नेपाली कांग्रेस बिपीका नेता कर्ण मल्ल, स्वतन्त्र उम्मेदवार सागर ढकाल र विक्रमबहादुर शाही पनि प्रतिनिधिसभा सदस्यका उम्मेदवार छन्। प्रदेशसभातर्फ सत्ता गठबन्धनबाट प्रदेशसभा (क) मा माओवादी नेता खगराज भट्ट र (ख) मा नेपाली कांग्रेसका नेता प्रदेशका सामाजिक विकासमन्त्री गोविन्दराज जोशी उम्मेदवार छन्।

आलितालका गाउँपालिकाका ७६ बर्षीय रामसिंह बोहराले देउवाले सुदूरपश्चिमलाई मूलधारसित जोड्न कर्णाली पुल बनाउनेदेखि यहाँका ठूला विकासमा पहल गरेको बताउनुभयो । "सुदूरपश्चिमलाई देश चिनाउनेदेखि यहाँको विकासका लागि उहाँको ठूलो भूमिका छ", उहाँले भन्नुभयो, "अहिले पनि डडेल्धुराको विकासका धेरै योजनाहरू जारी छन् ।" बुबाका पालामा टनकपुरबाट भारी बोकेर नुन यहाँ पुऱ्याउनुपर्ने बाध्यता हटेको उहाँको भनाइ छ।

"सडक पूर्वाधार गाउँगाउँसम्म बने र घर-घरमै नुन पुगिरहेको अवस्था छ", बोहराले भन्नुभयो, "उपचारका लागि मात्रै यहाँबाट अन्यत्र जानुपर्ने बाध्यता हटेको छैन ।" ९१ हजारभन्दा केही बढी मतदाता रहेको डडेल्धुरामा आसन्न निर्वाचनका लागि एक सय ३९ वटा मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन कार्यालय डडेल्धुराका जिल्ला निर्वाचन अधिकारी करुणाकर अवस्थीले जानकारी दिनुभयो।

प्रधानमन्त्री देउवा २०४८, २०५१, २०५६, २०६४, २०७० र २०७४ सालका निर्वाचनमा यहाँबाट निर्वाचित भइसक्नुभएको छ र पाँच पटकसम्म मुलुकको कार्यकारी प्रमुखको जिम्मेवारी सम्हालिसक्नुभएको छ । सोह्र वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको सुदूरपश्चिममा २०७४ सालको निर्वाचन यहाँबाट प्रत्यक्षतर्फ निर्वाचन जित्ने कांग्रेसका एक्ला नेतासमेत हुनुहुन्छ देउवा।

डडेल्धुराका सबै पालिकाका सडकपूर्वाधार, विद्युत्, खानेपानी, सिँचाइ लगायतका विकासका काम भइसकेका छन्। भने अहिले देउवाले जोगबुढा क्षेत्रमा नदी कटान नियन्त्रण, महाकालीमा पक्की पुल, मेडिकल कलेज स्थापना, विमानस्थल निर्माण लगायतका विकासका योजना अघि सारेको नेपाली कांग्रेस डडेल्धुराका सचिव हेमराज चटौतले बताउनुभयो ।रासस

# नेपाललाई शान्ति क्षेत्र बनाउने प्रस्ताव अघि बढाउँछौँ : महासचिव मैनाली

काठमाण्डु। नेकपा (माले)ले बाह्य हस्तक्षेप र आर्थिक सङ्कटको चुनौतीबाट मुलुकलाई उकास्न राष्ट्रवादी शक्ति गोलबद्ध हुन आवश्यक रहेको जनाएको छ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका सन्दर्भमा मुलुक, राजनीतिक स्थायित्व, लोकतन्त्र र जनहित लागि जनआलोच्य संवैधानिक प्रावधानलाई परिवर्तन गर्ने अभियानमा जुट्न मालेले अपिल गरेको छ।

विभिन्न समयमा भएका राजनीतिक परिवर्तनसँगै आएका बाह्य अवाञ्चित प्रभाव र हस्तक्षेपले राज्य कमजोर बनेको उल्लेख गर्दै पार्टीले जनजीविकामा सुधार र देश विकासका लागि सही नीति अपनाउन आह्वान गरेको छ।

चुनाव चिह्न हँसिया तारा रहेको उक्त पार्टीले जारी गरेको अपिलमा भनिएको छ, 'देशभक्त प्रगतिशील लोकतान्त्रिक शक्ति निर्माण गर्दै साझा एजेण्डा लागू गर्नु नै वर्तमानमा देशलाई अप्ठेरोबाट उद्धार गर्नु हो।' निर्वाचनमा मतदान गर्नुअघि गम्भीर भई निर्भिकताका साथ मताधिकार प्रयोग गर्न आग्रह गर्दै पार्टीका महासचिव सिपी मैनालीले पार्टी विजयी भएमा लोककल्याणकारी अर्थतन्त्र अघि बढाउन र रोजगारीका लागि विदेश गएका नागरिकलाई स्वदेश फर्केर काम गर्न वातावरण बनाउने प्रतिबद्धता जाहेर गर्नुभयो।

भ्रष्टाचार भएको अकुत सम्पत्तिलाई अभियानकै रुपमा छानबिन गरी असुलउपर गरिने अठोट गर्दै उक्त पार्टीले संवैधानिक राष्ट्र प्रमुख र प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री प्रमुख हुने प्रणालीको पक्षमा रहने जनाएको छ । नागरिकता नीति कसिलो, पूर्ण समानुपातिक निर्वाचन, पञ्चशीलको सिद्धान्त तथा असंलग्नतामा आधारित परराष्ट्र नीतिको पक्षमा पार्टी दृढताका साथ उभिँदै आएको बताउँदै महासचिव मैनालीले नेपाललाई शान्ति क्षेत्र बनाउने प्रस्ताव अघि बढाउने उद्घोष गर्नुभयो ।रासस

# अध्यक्ष ओलीद्वारा बधाई



काठमाण्डु। नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले सर्वसम्मत नेतृत्व चयन गरेर प्रवासी नेपाली मञ्चले विश्वभरि एकताको सन्देश दिएकोप्रति खुसी व्यक्त गर्नुभएको छ।

पार्टीको प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीका नवनिर्वाचित कार्यसमितिलाई आज बधाई दिँदै उहाँले सर्वसम्मत नेतृत्व चयन भएकोप्रति खुसी व्यक्त गर्नुभएको हो।

"आगामी मङ्सिर ४ गते हुन गइरहेको निर्वाचनमा आ-आफ्नो ठाउँमा गएर सक्रिय सहभागि हुनुहोस्", उहाँले भन्नुभयो, "पार्टीलाई बलियो बनाउन तपाईँहरूको भूमिका महत्वपूर्ण छ।"

अध्यक्ष ओलीले नवनिर्वाचित अध्यक्ष सञ्जय थापा, निवर्तमान अध्यक्ष भक्त गुरुङसहितका निवर्तमान तथा नयाँ कार्यसमितिका पदाधिकारी र सदस्यलाई खादा लगाएर बधाई दिनुभएको थियो। आइतवार काठमाडौँमा सम्पन्न भएको मञ्चको अधिवेशनबाट अध्यक्षमा सञ्जय थापा (अमेरिका) सर्वसम्मत चयन हुनुभएको थियो। उपाध्यक्षमा रमेश पाण्डे (अष्ट्रेलिया), सचिवमा हेम शेर्पा (स्पेन) र उपसचिवमा चानक पोखरेल (कतार) र कर्ण शाही (बेलायत) सर्वसम्मत चयन हुनुभएको थियो।

त्यसैगरी केन्द्रीय सदस्यमा अमेरिका महादेशबाट ढुण्डीराज पाण्डे, कुन्ती थापा, जानकी कार्की, पुरुषोत्तम बोहोरा र राजेन्द्र शिवाकोटी चयन हुनुभएको छ भने युरोप महादेशबाट सरस्वती केसी, राजेन्द्र पुडासैनी, विमला भण्डारी, शिव बरुवाल, गोविन्द पौडेल, कल्पना त्रिपाठी, सुरेन्द्र थपलिया र हेमराज जोशी चयन हुनुभएको थियो।

यस्तै मध्यपूर्व महादेशबाट बलराम गिरी, तीर्थ गौतम, ज्योति शर्मा महेश गिरी र कमलमणि भण्डारी तथा एसिया महादेशबाट सुरेश कार्की, डा सरोज कँडेल र सञ्जु केसी केन्द्रीय सदस्य चयन हुनुभएको छ ।रासस

# मुलुकलाई अग्रमनतर्फ लैजान गठबन्धनः वरिष्ठ नेता पौडेल

डुम्रे। नेपाली कांग्रेसका वरिष्ठ नेता एवं तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार रामचन्द्र पौडेलले गठबन्धन मुलुकलाई अग्रमनतर्फ लैजान गरिएको बताउनुभएको छ । व्यास नगरपालिका-३ देउरालीनगरमा मंगलबार आयोजित चुनावी सभालाई सम्बोधन गर्दै नेता पौडेलले लोकतन्त्रलाई सही दिशामा अघि बढाउन, शहीद तथा सपूतको बलिदानी, त्याग, तपस्यालाई साकार पार्न गठबन्धन गर्नुपरेको बताउनु भएको हो।

"जात, लिङ्ग र भूगोलका आधारमा गरिने सबै प्रकारका विभेदबाट उन्मुक्ति दिने हाम्रो संविधान दक्षिण एसियाकै उत्कृष्ट छ। संविधानको संरक्षणका लागि गठबन्धन अपरिहार्य छ", नेता पौडेलले भन्नुभयो। युवालाई स्वदेशमै आम्दानी र रोजगारी सिर्जना गर्नका लागि आफू उम्मेदवार बनेको वरिष्ठ नेता पौडेलको भनाइ थियो।

व्यासको अग्लो मूर्ति निर्माण, व्यास पार्क निर्माण गरी व्यास जन्मभूमिलाई तनहुँ आउने र करोडौँ नेपालीको आस्थाको केन्द्र बनाई पर्यटनमा फड्को मार्ने कार्य पूरा गर्न उम्मेदवार बनेको नेता पौडेलको स्पष्टोक्ति छ।

व्यास नगरपालकालाई देशकै नमूना सहर बनाउने उहाँको दाबी छ । व्यास नगपालिकाका-३ को देउरालीनगर र ऋषिङ गाउँपालिका-१ को झापुटार जोड्ने मोटरेबल पुल निर्माण भइरहेको र त्यसलाई छिटो सम्पन्न गरी सहज यात्राको वातावरण बनाउन लागिपरेको उहाँले बताउनुभयो ।रासस

# १५ हजार मतान्तरले चुनाव जित्छुः मन्त्री पौडेल

ढोरपाटन । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले आफूले यसपटकको निर्वाचन १५ हजार मतान्तरले जित्ने दाबी गर्नुभएको छ। मंगलबार बागलुङको ताराखोलामा आयोजित चुनावी अभियानलाई सम्बोधन गर्दै मन्त्री पौडेलले अहिलेको लडाइ प्रतिगमनकारीविरुद्ध भएकाले सबै एकजुट हुनुपर्ने बताउनुभयो।

प्रतिगमनकारीहरू लोकतन्त्रलाई समाप्त पार्न खोजेको आरोप लगाउँदै उहाँले उनीहरू संविधान विरोधी भएको समेत बताउनुभयो। बागलुङ क्षेत्र नम्बर २ बाट पाँचदलीय गठबन्धनका साझा उम्मेदवारसमेत रहनुभएका मन्त्री पौडेलले भन्नुभयो, "पाँच दल एकै ठाउँमा नआएको भए प्रतिगामीहरूले मुलुकलाई अँध्यारो सुरुङभित्र हालिसक्थे।"

पाँचदलीय गठबन्धन चुनावका लागि मात्र नभइ लोकतन्त्र र संविधान रक्षाका लागि बनेको हो उहाँको भनाइ छ ।रासस

# विकासलाई प्राथमिकतामा राखिन्छ : प्रचण्ड



जुम्ला । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले कर्णालीको विकास आफ्नो प्राथमिकतामा रहेको बताउनुभएको छ । यहाँको विकासबारे सत्ता गठबन्धनका बैठकहरूमा पनि छलफल हुने गरेको भनदै उहाँले आगामी दिनमा आफूले यहाँको विकासका बारेमा थप जोड दिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

जुम्लाको खलंगामा मंगलबार आयोजित सभालाई सम्बोधन गर्दै उहाँले कर्णालीको जुम्लामा उत्पादन हुने मार्सी चामलको चर्चा अहिले निकै भएको भन्दै मार्सी चामललाई अन्तर्राष्ट्रिय बजारसम्म पुर्‍याउन आवश्यक सहयोग गर्ने पनि बताउनुभयो।

उहाँले भन्नुभयो "त्यो विषय मसँग पनि जोडियो। एक पटक मार्सी चामलको भात के खाएका थियौँ, निकै चर्चामा आयो । त्यसले बजारीकरणमा टेवा पुग्यो। यहाँको स्याउ, गेडागुडी, सिमी, स्याउको पनि उत्तिकै चर्चा छ । यसको उत्पादनमा वृद्धि गर्नाका साथै प्याकेजिङ र बजारीकरणमा विशेष जोड दिइने छ।"

यस्तै जुम्लाको सिञ्जा खस सभ्यताको उद्गमस्थल हो । यसको संरक्षण प्रवर्द्धनका लागि प्रतिष्ठान स्थापना गरी जगेर्ना गरिने अध्यक्ष प्रचण्डले बताउनुभयो। उहाँले गठबन्धनका उम्मेदवारहरूलाई विजयी गराउन जुम्लाका नागरिकसँग आग्रह पनि गर्नुभयो । उहाँले आफूहरू निरङ्कुशताका विरुद्ध १२ बुँदे सम्झौताहुँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्रबाट प्रतिगमनविरुद्ध एकजुट भएर निर्वाचनमा होमिएको बताउनुभयो ।

अध्यक्ष प्रचण्डले संविधानको रक्षा गर्न र विकासको अर्को चरणको सुरुआत गर्न नेपालमा निर्वाचनपछि वर्तमान गठबन्धनकै बहुमतको सरकार सञ्चालन हुने जानकारी दिनुभयो । नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले कर्णालीको विकास र रोजगारी सिर्जना गर्न मङ्सिर ४ पछि सङ्घीय सरकारदेखि कर्णाली प्रदेशमा पनि सत्ता गबठन्धनको सरकार सञ्चालन हुने बताउनुभयो। जुम्लाका गठबन्धन उम्मेदवारलाई जिताउन जुम्ली जनतासँग उहाँले आग्रह गर्नुभयो।

कर्णालीको स्वास्थ्य, शिक्षा खानेपानी र यतायात क्षेत्रमा विशेष बजेटको व्यवस्था गरी प्रदेशका १० वटै जिल्लाको विकासका लागि सत्ता गठबन्धनको सरकारको आवश्यक रहेको उपसभापति खड्काले जानकारी दिनुभयो।

अबको सरकारले कर्णालीको विकास गर्न विशेष बजेटको व्यवस्थापन गर्ने पनि उपसभापति खड्काले जानकारी दिनुभयो । माओवादी अध्यक्ष प्रचण्ड र कांग्रेस उपसभापति खड्काले एकै दिन जुम्ला, कालीकोट र हुम्लामा भएका चुनावी सभलाई सम्बोधन गर्नुभएको छ।

जुम्लामा गबन्धनबाट प्रतिनिधिसभा सदस्यमा गोमा गौतम कुँवर, प्रदेश सभा (क) मा ललितजङ्ग शाही र प्रदेश (ख) बाट नेकपा (एकीकृत समाजवादी) का पदमबहादुर रोकाया चुनावी मैदानमा हुनुहुन्छ।

यसअघि अध्यक्ष प्रचण्डले सत्ता गठबन्धनका प्रतिनिधिसभा सदस्य उम्मेदवार गोमा गौतम कुँवरलाई मन्त्री बनाउने प्रतिबद्धता पनि सभामा व्यक्त गर्नुभएको थियो । उहाँले भन्नुभएको थियो "गोमाजीलाई जिताएर पठाउनोस् मन्त्री बनाउने जिम्मा हाम्रो भयो।"रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०७९/०७/२३ गतेको जनकपुर टुडे दैनिक

यस विकास बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी, सञ्चालक प्रोप्राइटर, जमानीकर्ता, लगायत ऋणसँग सम्बद्ध सम्बन्धित सम्पूर्ण महानुभावहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानुन तथा बैकको नियमानुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्री सम्पतीबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सवैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०७९/०७/०८ गते/स्थान : शाखा कार्यालय जनकपुर, धनुषा**

**बोलपत्र खोलिने मिति/समय** — **२०७९/०७/०९ गते, शुक्रबार दिनको १ बजे**

| ऋणीको नाम, ठेगाना | धितोको विवरण |
|---|---|
| **नाम : श्री रिया ट्रेडर्स**<br>नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी<br>प्रा.फ.र.नं. ३५१०/३७/०७३/०७४, दर्ता मिति २०७३/०७/२५<br>पान नं. ६०५२६९९०१, जारी मिति : २०७३/०७/२८<br>ठेगाना : महोत्तरी जिल्ला, सहोडवा गा.वि.स. वडा नं. ५<br>**प्रोप्राईटर : शम्भु प्रसाद साह** | शोभा देवी साह तेलीको नाममा मालपोत कार्यालय महोत्तरी, जलेश्वरमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, सहोडवा गा.वि.स. वडा न. ५ स्थित कित्ता नं. ५११, ३३२ र ३३१ को क्षेत्रफल क्रमशः ०-२-१८-०, ०-०-१३-० र ०-०-१२-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**ऋणी तथा जमानतकर्ता**




**१. नाम : शम्भु प्रसाद साह**
ना.प्र.नं. ८९९०२२३१, जि.प्र.का. महोत्तरी
जारी मिति : २०५९/०३/१२
बाबुको नाम : गोपाल प्रसाद साह
बाजको नाम : पल्टु साह
ठेगाना : महोत्तरी जिल्ला, सहोडवा गा.वि.स. वडा नं. ६
हाल : महोत्तरी जिल्ला, पिपरा गा.पा. वडा नं. ५




**२. नाम : शोभा देवी साह तेली**
ना.प्र.नं. २५३८, जि.प्र.का. महोत्तरी
जारी मिति : २०४६/०३/०९,
पतिको नाम : गोपाल प्रसाद साह तेली
ससुराको नाम : पल्टु साह
ठेगाना : महोत्तरी जिल्ला, सहोडवा गा.वि.स. वडा नं. ६
हाल : महोत्तरी जिल्ला, पिपरा गा.पा. वडा नं. ५


**जमानतकर्ता**



**१. नाम : संजिला कुमारी साह**
ना.प्र.नं. १८-०१-७५-०३८१८, जि.प्र.का. महोत्तरी
जारी मिति : २०७५/०४/१६
पतिको नाम : शम्भु प्रसाद साह
ससुराको नाम : गोपाल प्रसाद साह
ठेगाना : महोत्तरी जिल्ला, सहोडवा गा.वि.स. वडा नं. ६
हाल : महोत्तरी जिल्ला, पिपरा गा.पा. वडा नं. ५



**२. नाम : संजु प्रसाद साह**
ना.प्र.नं. ८९९०२३३०/४११, जि.प्र.का. महोत्तरी
जारी मिति : २०५९/०३/१२, महोत्तरी
बाबुको नाम : गोपाल प्रसाद साह
बाजको नाम : पल्टु साह
ठेगाना : महोत्तरी जिल्ला, सहोडवा गा.वि.स. वडा नं. ६
हाल : महोत्तरी जिल्ला, पिपरा गा.पा. वडा नं. ५



**३. नाम : सुनीता कुमारी**
ना.प्र.नं. १८-०१-७५-०३७५७, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७५/०४/१४
पतिको नाम : संजु प्रसाद साह, ससुराको नाम : गोपाल प्रसाद साह
ठेगाना : महोत्तरी जिल्ला, सहोडवा गा.वि.स. वडा नं. ६, हाल : महोत्तरी जिल्ला, पिपरा गा.पा. वडा नं. ५

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल,
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५,
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



फ्लोरिडाको फोर्ट मायर्स बीचको सान कार्लोस टापुमा इयान आँधीले थुप्रिएको र नष्ट गरेको डुङ्गाहरू। *तस्बिर : एएफपी*

# पुलिसको जित

काठमाण्डु । प्रधानमन्त्री कप राष्ट्रिय एकदिवसीय क्रिकेट प्रतियोगितामा नेपाल पुलिस क्लबले मधेश प्रदेशलाई पराजित गर्दै विजयी हासिल गरेको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा मंगलबार भएको खेलमा पुलिसले मधेश प्रदेशलाई १९१ रनले पराजित गर्दै विजयी हासिल गरेको हो।

खेलमा दुवै टोलीले सेमिफाइनल यात्रा तय गरेका छन्। जितसँगै पुलिस समूह बिको विजेता बन्दै सेमिफाइनलमा पुग्यो भने मधेश प्रदेश समूहको उपविजेता बन्दै सेमिफाइनलमा पुगेको हो । खेलमा जितको लागि पुलिसले मधेश प्रदेशलाई २७४ रनको लक्ष्य दिएको थियो। जवाफमा मधेश प्रदेश २९ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै ८२ रनमा समेटियो।

मधेश प्रदेशका लागि मोहमद आदिल आलमले सर्वाधिक ४२ रनको योगदान दिए । त्यसैगरी रत्न रौनकले ११ तथा कप्तान हरिसङ्कर शाहले १० रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अङ्क बनाउन सकेनन् । मधेश प्रदेशलाई सस्तैमा समेट्नेक्रममा पुलिसका कुलश भुर्तेल एक्लैले ५ विकेट लिए भने करण केसीले ३ तथा राशिद खानले २ विकेट झारे।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको पुलिसले ४९ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै २७३ रनको योगफल बनाएको थियो । पुलिसका लागि आरिफ शेख, अमित श्रेष्ठ र कप्तान दीपेन्द्र सिहं ऐरीले अर्धसतक प्रहार गरे । आरिफले सर्वाधिक ७३ रनको योगदान दिए भने अमितले ६५ रनको योगदान दिए।

त्यसैगरी दीपेन्द्रले ५१ रन जोड्दा दीलीप नाथले ४० तथा सुनिल धमलाले ११ रन बनाए । बलिङतर्फ मधेश प्रदेशका रुपेश सिंह र राजेश यादवले समान ३/३ विकेट लिए भने आदील आलमले २ विकेट झारे । जितसँगै पुलिसले चार खेलमा अपराजित रहदै ८ अङ्क जोड्यो भने समान चार खेल खेलको मधेश प्रदेशले पाँच अङ्क बनायो।रासस

# प्रशिक्षण खेलका दौरान रोहित शर्मा चोटग्रस्त



**एजेन्सी**

जनकपुरधाम । भारतीय क्रिकेट टोलीका कप्तान रोहित शर्मालाई प्रशिक्षणका दौरान चोटग्रस्त बनेका छन्। एडिलेडमा ब्याटिङको नेट प्रशिक्षणका दौरान उनलाई चोट लागेको हो।

मिडिया रिपोर्टका अनुसार उनको दाहिने हातमा चोट लागेको छ । यस घटनाको एक भिडियो पनि सार्वजनिक भएको छ जसमा उनले प्रशिक्षण रोकेर मैदानको छेउमा बसेको देख्न सकिन्छ । तत्कालै मेडिकल स्टाफ आएर उनको हातलाई जाँच गरेको पनि देखिएको छ।


उनको चोट कति गम्भीर हो भन्ने चाहिँ स्पष्ट जानकारी आएको छैन। भारतले आइतबार जिम्बाव्वेलाई हराउँदै टी-२० विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको छ।

भारतले १० नोभेम्बरमा इंग्ल्याण्डको सामना गर्नेछ। भारत र इंग्ल्याण्ड दुवैले प्रतियोगितामा राम्रो प्रदर्शन गरिरहेका छन् । त्यसैले सो खेल रोमाञ्चक हुने आकलन गरिएको छ । दोस्रो सेमिफाइनलमा न्युजिल्याण्ड र पाकिस्तान खेल्नेछन्।

# ‘पूर्वप्रधानमन्त्रीमाथिको घातक आक्रमणको निष्पक्ष अनुसन्धान गर्नुपर्छ’

**सिन्ह्वा**

इजिप्ट । पाकिस्तानका विदेशमन्त्री बिलावल भुट्टो जर्दारीले पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानमाथि हालै भएको गोली प्रहारको निष्पक्ष अनुसन्धान गर्नुपर्ने बताउनुभएको छ।



अमेरिकी टेलिभिजन सिएनएनसँगको कुराकानीमा उहाँले पूर्वप्रधानमन्त्री खानमाथि भएको गोली प्रहारको निन्दा गर्दै यस घटनाको निष्पक्ष रुपमा छानविन गर्नुपर्ने बताउनुभएको हो। अन्तर्वार्तामा उहाँले भन्नुभयो “देशभित्र उहाँका विषयमा हुने चर्चा हाम्रो आन्तरिक विषय हुन् तर उहाँमाथिको हमला देशका एकजना पूर्वप्रधानमन्त्रीमाथिको हमला हो, त्यसैले यसको निष्पक्ष अनुसन्धान हुनु जरुरी छ ।”

उहाँले सो घटनाको आफूले सुरुमै निन्दा गरेको र यसको स्वतन्त्र र निष्पक्ष रुपमा छानबिन हुनुपर्छ भन्ने माग गरेको पनि बताउनुभयो।

पूर्वप्रधानमन्त्री खानको रुस भ्रमणका विषयमा विवाद उत्पन्न भएको र रुस र युक्रेनको पछिल्लो द्वन्द्वका कारण खानलाई विवादास्पद बनाइएको विदेशमन्त्री जर्दारीले बताउनुभयो।

यसअघि नै पाकिस्तानका प्रधानमन्त्री सहबाज सरिफले पूर्वप्रधानमन्त्री खानको हत्या प्रयासको स्वतन्त्र छानविनका लागि एक न्यायिक समिति गठन गर्न आदेश दिइसक्नुभएको छ।

पूर्वप्रधानमन्त्री खानमाथि गत बिहीबार पाकिस्तानको वाजिरिस्तानमा गोली प्रहार भएको थियो । खुट्टामा गोली लागेका उहाँ जोखिममुक्त हुनुहुन्छ । चिकित्सकहरूले उहाँको खुट्टाबाट तीन वटा गोली निकालिका थिए।

# रूसलाई हतियार आपूर्ति : प्योङयाङ- वासिङटन वाक्युद्ध

**एपी**

सोल। उत्तरकोरियाले रूसलाई कहिल्यै हातहतियार आपूर्ति नगरेको स्पष्ट गर्दै त्यससम्बन्धमा भ्रामक हल्ला गरेकामा अमेरिकाको कडा शब्दमा निन्दा गरेको छ। राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीको अभिव्यक्तिको खण्डन गर्दै प्योङयाङले वासिङटनको निन्दा गरेको हो।

उत्तरकोरियाले गोप्य रूपमा भारीमात्रामा हातहतियार रूसलाई आपूर्ति गरेको आरोप प्रवक्ता किर्बीले गत हप्ता लगाएपछि प्योङयाङले आफूसँग मस्कोले कहिल्यै हतियारको कारोबार नगरेको स्पष्ट गरेको छ। “हामीले रूसँग कहिल्यै हतियारको कारोबाहर गरेका छैनौँ, भविष्यमा त्यसो गर्ने हाम्रो कुनै योजना छैन,’ रक्षा मन्त्रालयको अन्तर्राष्ट्रिय मामिला विभागका एकजना उपनिर्देशकले भनेका छन्।

अज्ञात ती उपनिर्देशकले अन्तर्राष्ट्रिय क्षेत्रमा उत्तरकोरियाको छवि धमिलो पार्ने अमेरिकाको शत्रुतापूर्ण प्रयासको आज निन्दा गरेका सरकारी सञ्चारमाध्यमले जनाएका छन् । आवरणमा उत्तरकोरियाले मध्यपूर्व वा उत्तरअफ्रिकी देशमा हतियार आपूर्ति गरिएको देखाए पनि हातहतियारको वास्तविक गन्तव्य रूस भएको गुप्तचर निकायबाट प्राप्त सूचनाका आधारमा प्रवक्ता किर्बीले बताएका थिए। यसअघि पनि प्योङयाङले वासिङटनलाई ‘लापरबाह टिप्पणी’ नगर्न तथा ‘आफ्नो मुख बन्द राख्न’ आह्वान गरेको थियो।

# द्विपक्षीय सहयोग बढाउन कम्बोडिया र भियतनामबीच एघार दस्तावेजमा हस्ताक्षर



**सिन्ह्वा**

नोमपेन । कम्बोडिया र भियतनामले पारस्परिक सम्बन्ध र सहयोगलाई थप सघन तुल्याउन एघार वटा दस्तावेजमा हस्ताक्षर गरेका छन्।

कम्बोडियाको भ्रमणमा रहनुभएका भियतनामका प्रधानमन्त्री फाम मिन्ह चिन र कम्बोडियाका प्रधानमन्त्री सम्देच टेकोबीच हुन सेन शान्ति दरबारमा भएको भेटवार्तापछि दुवै देशका सम्बद्ध अधिकारीले ती दस्तावेजमा हस्ताक्षर गरेका हुन सेनका निजी सहायक इआङ सोफालेथले बताएका छन्।

सीमापार यातायात, कृषि, सीमावर्ती व्यापार प्रवर्द्धन, सञ्चार, सूचना तथा सञ्चार प्रविधि, धर्म, श्रम, बैंकिङलगायत क्षेत्रमा द्विपक्षीय सहयोग समेटिएको उनले बताए।

भेटवार्ताका क्रममा दुई नेताबीच द्विपक्षीय सहयोगका साथै साझा चासो र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विषयमा विचार आदानप्रदान भएको थियो । भियतनामी प्रधानमन्त्री दुई दिने औपचारिक भ्रमणका क्रममा आजै यहाँ आइपुग्नुभएको हो।

# बेलाइतका मन्त्रीको ताइवान भ्रमणप्रति चीनको आपत्ति

**एपी**

बेइजिङ । बेलाइतका व्यापारनीति मन्त्री ग्रेग ह्यान्ड्सको ताइवान भ्रमणलाई लिएर चीनले आपत्ति जनाएको छ। बेइजिङको चेतावनीलाई वेवास्ता गर्दै ताइपेइ पुग्ने मन्त्री ग्रेग पछिल्ला विदेशी व्यक्ति बनेका छन्।

बेलाइतले चीनको सार्वभौमसत्तालाई सम्मान गर्नुपर्ने तथा एक चीन सिद्धान्तलाई समर्थन गर्नुपर्नेमा जोड दिँदै बेइजिङले ताइवानसँग कुनै किसिमको आधिकारिक सम्पर्क कायम नगर्न आग्रह गरेको छ । विदेश मन्त्रालयका प्रवक्ता झाओ लिजियानले विदेशीहरूलाई ताइवानमा सम्पर्क विस्तारको प्रयास नगर्न सुझाउँदै स्वायत्त टापुमाथिको चीनको सार्वभौमिकताको सम्मान गर्न आग्रह गरेका छन्।

बेलाइत सरकारले मन्त्री ग्रेग दुईदिने भ्रमणको क्रममा ताइवान पुगेका तथा राष्ट्रपति साई इङ-वेनलाई भेटेका बताएको थियो । बेलाइत र ताइवानबीचको २५औं वार्षिक व्यापार वार्ताका सिलसिलामा उनी ताइपेइ पुगेका थिए।

*बेइजिङको निन्दा र धम्कीका बाबजुद ताइवानको लोकतन्त्र फस्टाउँदै गएको छ भने उच्च प्रविधियुक्त अर्थतन्त्रसहित एसिया–प्रशान्त क्षेत्रमा रणनीतिक उपस्थितिले बाह्य जगत्बाट उसले बलियो समर्थन प्राप्त गरेको छ।*

ताइवानले हालसम्म १४ राष्ट्रसँगमात्र औपचारिक कूटनीतिक सम्बन्ध कायम गरेको छ । बेइजिङको आग्रहमा संयुक्त राष्ट्रसङ्घ र अन्य प्रमुख बहुराष्ट्रिय समूहको सदस्य बन्नबाट ताइपेइ वञ्चित भएको छ । यद्यपि बेइजिङको निन्दा र धम्कीका बाबजुद ताइवानको लोकतन्त्र फस्टाउँदै गएको छ भने उच्च प्रविधियुक्त अर्थतन्त्रसहित एसिया-प्रशान्त क्षेत्रमा रणनीतिक उपस्थितिले बाह्य जगत्बाट उसले बलियो समर्थन प्राप्त गरेको छ।

केही समयअघि अमेरिका तल्लो सदनकी सभामुख न्यान्सी पेलोसीको ताइवान भ्रमण गरेपछि चीन-अमेरिका विवाद चरमचुलीमा पुगेको थियोभने चीनले ताइवान नजिक क्षेप्यास्त्र प्रक्षेपणसहितको सैन्यअभ्यास गरेर ताइवानलाई दबाउनसक्ने आफ्नो सामर्थ्य प्रस्तुत गरेको थियो।

# बलात्कारको आरोप लागेका श्रीलङ्काली क्रिकेटरलाई धरौटीमा रिहा गर्न अस्वीकार




**एजेन्सी**

जनकपुधाम । श्रीलङ्काका क्रिकेटर धनुष्का गुनाथिलाकालाई सोमबार सिड्नीको अदालतले धरौटीमा रिहा गर्न अस्वीकार गरेको छ। न्यायाधीश रोबर्ट विलियम्सले धनुष्काको यसअघि कुनै पनि आपराधिक रेकर्ड नभएको ‘नोट’ गरे पनि धरौटीमा रिहा गर्न भने अस्वीकार गरेका हुन् । धनुष्काका वकिल आनन्द अमरनाथले फैसलालाई ‘निराशाजनक’ भएको प्रतिक्रिया दिएका छन्।

धनुष्कालाई आइतबार सिड्नीको होटलबाट बलात्कारको आरोपमा पक्राउ गरिएको थियो। उनी टी-२० विश्वकप खेल्न अस्ट्रेलिया पुगेका थिए। श्रीलङ्काली क्रिकेट टोलीका बाँकी सदस्य भने स्वदेश फर्किसकेका छन् । घटनाबारे श्रीलङ्का क्रिकेट (एसएलसी)का अध्यक्ष शामी सिल्भाले धनुष्कालाई सहयोग गरिरहेको बताउँदै थप प्रतिक्रिया दिन अस्वीकार गरे।

सोमबार नै बोर्डले धनुष्कालाई सबै खाले क्रिकेटबाट निलम्बित गरेको थियो । बोर्डले धनुष्कामाथि लागेको आरोपको तीव्र सुनुवाइका लागि आवश्यक कदम चाल्ने र अदालतबाट दोषी ठहरिए आवश्यक कारबाही गर्ने पनि जनाएको छ। बोर्डले खेलाडी गर्ने यस्ता कार्यमा शून्य सहनशीलता अपनाउने स्पष्ट पार्दै अस्ट्रेलियाको नियामक निकायलाई निष्पक्ष छानबिनका लागि सहयोग गर्ने पनि जानकारी दिएको छ।

# अमेरिकामा मध्यावधि चुनावमा मतदान शुरु

**एएफपी**

वाशिङ्गटन । अमेरिकामा मङ्गलबार मध्यावधि निर्वाचनमा मतदान शुरु भएको छ। रिपब्लिकनहरूले कङ्ग्रेसको बहुमतलाई चुनौती दिदै अर्को दुई वर्षका लागि राष्ट्रपति जो बाइडेनको एजेन्डा रोक्न र पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पलाई ह्वाइट हाउस फर्कने बाटो खुला गर्ने दाबी गरिरहेका छन्।

देशको पूर्वी तटमा मतदान केन्द्रहरू बिहान ६:०० बजेदेखि खुला गरिएका छन् । प्रतिनिधि सभा र सिनेट दुवै सदनको लागि लागि चार करोडभन्दा बढी मतदाताहरूले देशभर पूर्व-निर्वाचन मतदानमा मतदान गरिसकेका छन्।

# प्रचण्ड गर्मीले युरोपमा पन्ध्र हजार जनाको मृत्यु

**एएनआई**

जेनेभा। विश्वभर तापक्रम बढ्दै जाँदै यस वर्ष युरोपमा प्रचण्ड गर्मीका कारण १५ हजारजनाको मृत्यु भएको युरोपका लागि विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)का क्षेत्रीय निर्देशकले बताएका छन्।

क्षेत्रीय निर्देशक हान्स हेनरी क्लुगेले युरोपको पछिल्लो प्राप्त तथ्याङ्क उद्दृत गर्दै गर्मीले स्पेनमा चार हजार,पोर्चुगलमा एक हजार, तीन हजार दुई सय जनाभन्दा बढी संयुक्त अधिराज्यमा, झण्डै चार हजार पाँच सय जनाको जर्मनीमा ज्यान गएको सोमबार बताएका हुन्।

युरोपका धेरै देशमा प्रचण्ड गर्मीका कारण अत्यधिक मृत्युका विवरण आएकाले ज्यान गुमाउनेको सङ्ख्या बढ्ने अपेक्षा गरिएको डब्ल्यूएचओ क्षेत्रीय निर्देशकले वक्तव्य निकालेर बताएका छन्।

मध्य साउनमा युरोपभर चलेको अतिउष्ण वायुले धेरैजना हताहत भएका फ्रान्सको राष्ट्रिय तथ्याङ्क तथा आर्थिक अध्ययन संस्थानले जनाएको छ।

विश्व मौसम विज्ञान सङ्गठनले पनि विश्वको तापक्रम चरमरूपमा बढिरहको तथा मौसम र जलवायुजन्य घटनामा सयौंको ज्यान गएको बताएको छ।

बितेका ५० वर्षमा युरोपमा एक लाख ४८ हजार चरमतापका कारण मृत्युवरण गर्न बाध्य भएका सङ्गठनले जनाएको छ। विश्वव्यापी औसत तापक्रममा १.१ डिग्री सेल्सियस वृद्धि भइरहेको छ।

# ब्याट्सम्यान स्टेफनद्वारा सन्यास घोषणा

**एजेन्सी**

जनकपुरधाम। नेदरल्यान्ड्सका ब्याट्सम्यान स्टेफन माइबर्गले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यासको घोषणा गरेका छन्। नेदरल्यान्ड्सका लागि आईसीसी टी-ट्वान्टी विश्वकप खेलेका स्टेफनले प्रतियोगितापछि सन्यास घोषणा गरेका छन्।

उनले अब परिवारसँग समय बिताउनका लागि आफूले सन्यास लिएको बताए। ३८ वर्षीय स्टेफनले सन् २०११ मा अन्तर्राष्ट्रिय क्रिकेटमा डेब्यु गरेका थिए। उनले २२ एकदिवसीय र ४५ टी-ट्वान्टी अन्तर्राष्ट्रिय खेलेका छन् । प्रिटोरियामा जन्मिएका उनले सन् २००६ मा आफ्नो क्रिकेट करियर सुरु गरेका थिए।

# थापा सहायक प्रशिक्षक नियुक्त




**टुडे समाचारदाता**

काठमाण्डु । नरेश थापा पाकिस्तानविरुद्धको मैत्रीपूर्ण खेलका लागि सहायक प्रशिक्षकमा नियुक्त भएका छन् । नेपालले कार्तिक ३० गते पाकिस्तानसँग दशरथ रंगशालामा मैत्रीपूर्ण खेल खेल्दैछ।

उक्त मैत्रीपूर्ण खेलका लागि एन्फाले थापालाई राष्ट्रिय टोलीको सहायक प्रशिक्षकमा नियुक्त गरेको हो । एन्फा कम्प्लेक्समा मंगलबार एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङले थापालाई नियुक्ति पत्र हस्तान्तरण गरेका हुन्। दशरथ रंगशालामा हुने नेपाल र पाकिस्तानबीचको खेल साँझ ५ बजे सुरु हुनेछ।



ताप्लेजुङको पाथीभरायाङवरक गाउँपालिका–१,छिपछिपे गाउँमा अलैँची सफा गर्दै किसान। *तस्बिरः रासस*

# लागू भयो बीमा ऐन, समिति अब प्राधिकरण

काठमाण्डु। बीमा ऐन २०७९ मंगलबारबाट लागू भएसँगै नेपाल बीमा प्राधिकरणले औपचारिक रूपमा काम कारबाही सुरु गरेको छ। ऐनमा भएको व्यवस्थाअनुसार साविकको बीमा समिति 'नेपाल बीमा प्राधिकरण'मा रुपान्तरण भएको हो। मंगलबार एक कार्यक्रमकाबीच अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा क्षेत्रको अधिकारसम्पन्न निकायका रूपमा प्राधिकरणले औपचारिक रूपमा काम सुरु गरेको बताउनुभयो।

ऐनमा भएका व्यवस्था विस्तारै कार्यान्वयनमा लैजानुपर्ने दायित्व प्राधिकरणको रहेको पनि उहाँको भनाइ छ। "ऐनमा भएका प्रावधान क्रमशः लागू गर्दै र काम गर्दै जाँदा थप व्याख्या गर्दै जानुपर्छ। प्राधिकरणलाई सशक्तिकरण गर्ने र प्रविधिमैत्री बनाउनमा हामी केन्द्रित हुन्छौँ," अध्यक्ष सिलवालले भन्नुभयो।

नयाँ ऐन कार्यान्वयनमा आएसँगै बीमासम्बन्धी नियामक निकायका रूपमा प्राधिकरण थप सशक्त भएर अघि बढ्ने पनि उहाँको भनाइ छ। नेपाल बीमा प्राधिकरण बीमा व्यवसायको नियमनकारी निकायका रूपमा रहने र नेपाल सरकारको बीमासम्बन्धी सल्लाहकारका रूपमा काम गर्ने व्यवस्था नयाँ बीमा ऐनमा राखिएको छ। बीमा कम्पनीको स्थापनाका लागि पूर्वस्वीकृति दिने, इजाजतपत्र दिने तथा खारेज गर्ने, बीमा व्यवसायका लागि आवस्यक कानुनी व्यवस्था गर्ने, बीमा मध्यस्थकर्तालाई इजाजत दिने तथा उनीहरूको इजाजत नवीकरण एवम् खारेजीलगायतका अधिकार प्राधिकरणलाई दिइएको छ।

त्यस्तै, प्राधिकरणसँग सम्बन्धित पुँजी तथा पुँजीकोष निर्धारण गर्ने, बीमा व्यवसायको जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा आवश्यक काम गर्ने, बीमाको पहुँच बढाउन लघुबीमा प्रवर्द्धन गर्नेलगायतका काम पनि प्राधिकरणले गर्नेछ।

ऐनमा भएको व्यवस्थाअनुसार आर्थिकरुपले विपन्न वर्गका नागरिकसम्म बीमाको पहुँच पुर्‍याइ यसका माध्यमबाट नागरिकको हित संरक्षणका लागि प्राधिकरणमा एक बीमा कोष रहनेछ। उक्त कोषमा नेपाल सरकारबाट प्राप्त रकम, प्राधिकरणलाई बीमकबाट प्राप्त हुने लघुबीमा नियमन शूल्कको ५० प्रतिशत बराबर हुन आउने रकम, बीमकबाट प्राप्त हुने नियमन शूल्कको ३३ प्रतिशत र अरु स्रोतबाट प्राप्त हुने रकमसमेत राख्न सकिनेछ।

त्यस्तै प्राधिकरण अन्तर्गत नै रहने गरी एक बीमित हित संरक्षण कोष रहने व्यवस्था पनि ऐनले गरेको छ। बीमक गाभ्न वा गाभिन सक्ने, बीमा व्यवसाय हस्तान्तरण गर्न सक्ने, कानून विपरीत काम गरेमा त्यस्तो बीमकको इजाजत निलम्बन गर्ने तथा व्यवसायमा रोक लगाउनेलगायतका अधिकार ऐनले प्राधिकरणलाई दिइएको छ। त्यस्तै, प्राधिकरणले बीमा क्षेत्रका सूचना सङ्कलन गरी व्यवस्थित गर्नका लागि बीमा सूचना केन्द्र स्थापना गर्न सक्ने, बीमा व्यवसायमा हुने जालसाजी, कीर्ते, ठगी जस्ता आपराधिक क्रियाकलापको अनुसन्धानका गर्ने कामसमेत गर्नेछ।रासस

# बायोग्यास प्रवर्द्धनमा निजी क्षेत्रसँगको सहकार्यमा जोड



काठमाण्डु। नेपालमा बायोग्यास प्रविधिको प्रवर्द्धनमा निजी क्षेत्रको अग्रणी भूमिका भए पनि समयसापेक्ष अनुदान नीतिमा वृद्धि हुन नसक्नु तथा निजी क्षेत्रमैत्री नीति र कार्यविधि बन्न नसक्दा यस प्रविधिको विकास र विस्तारमा समस्या आएको सरोकारवालाहरूले बताएका छन्। नेपाल बायोग्यास प्रवर्द्धन सङ्घको २६औँ वार्षिक साधारणसभाको अवसरमा आयोजित कार्यक्रममा यस प्रविधिलाई अतिगरिब, सीमान्तकृत तथा पछाडि पारिएका समुदायमा पहुँच पुर्‍याउन सरकारले निजी क्षेत्रलाई महत्व दिनुपर्ने जोड दिइएको छ।

हाल नेपालमा करिब चार लाख ५० हजारभन्दा बढी घरेलु बायोग्यास प्लान्टहरू जडान भइसकेका छन्। यस क्षेत्रमा करिब १५ हजारभन्दा धेरै व्यक्तिले प्रत्यक्ष रोजगारी पाइरहेका छन् भने २० हजारभन्दा बढीले अप्रत्यक्ष र आंशिक रोजगारी प्राप्त गरिरहेका छन्। यसबाट चार लाख ५० हजारभन्दा बढी घरमा बायोग्यास चुलो मात्र बलेको छैन, कार्बन व्यापारबाट राजस्व आम्दानी गर्ने नेपालको पहिलो क्षेत्रका रूपमा स्थापित भई झन्डै अर्बौं रुपैयाँ आम्दानी गर्न सफल भएको छ।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेश घिमिरेले नेपालमा नवीकरणीय ऊर्जा प्रविधिमध्ये बायोग्यासको लामो इतिहास रहेको र यसले वातावरण संरक्षण एवं आयातीत इन्धनको निर्भरता कम गर्न सहयोग पुगेको उल्लेख गर्नुभयो। उहाँले ऊर्जाको खपतसँगै स्रोत संरक्षण उत्तिकै महत्वपूर्ण रहेको बताउँदै सरकार निजी क्षेत्रसँग सहकार्य गर्न तयार रहेको बताउनुभयो।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा मधुसूदन अधिकारीले केन्द्रको स्थापनादेखि नै एक महत्वपूर्ण कार्यक्रमका रूपमा बायोग्यास रहेको र यसलाई विपन्न र गरिब वर्गको पहुँचसम्म पुर्‍याउन अनुदान र सरल कर्जाको व्यवस्था गरिएको बताउनुभयो। उहाँले विश्वव्यापी रूपमा हरितगृह उत्सर्जन र जलवायु परिवर्तन न्यूनीकरणका लागि स्वच्छ ऊर्जामा जोड दिइएको उल्लेख गर्दै नेपालले पनि बायोग्यास प्रविधिबाट कार्बन व्यापार सुरु गरेको र यसको बजार बढ्दै गएको जानकारी दिनुभयो।

सङ्घका अध्यक्ष प्रकाशचन्द्र सुवेदीले बायोग्यास क्षेत्रमा कार्यरत निजी कम्पनीहरूको वार्षिक ५० हजारभन्दा माथिको सङ्ख्यामा प्लान्ट निर्माण गर्न सक्ने क्षमता रहे पनि सरकारले आवश्यक अनुदानको व्यवस्था नगरिँदा र विदेसिएका बायोग्यास प्राविधिकको विकल्पमा थप बायोग्यास प्राविधिक उत्पादन गर्नेतर्फ ध्यान नदिँदा लक्ष्यअनुसार प्रगति गर्न सकेका छैन। यस वर्षको बजेटमा सरकारले जम्मा १० हजार प्लान्टका लागि मात्र अनुदानको व्यवस्था गरेकामा उहाँले असन्तुष्टि व्यक्त गर्नुभयो। विपन्न वर्गको पहुँचसम्म यस प्रविधिलाई पुर्‍याउन अतिरिक्त अनुदान र बिना धितो ऋण उपलब्ध गराउन तथा उपयुक्त नीति अवलम्बन गर्नु विद्यमान आवश्यकताका रूपमा रहेको कुरा सविनय अनुरोध गर्न चाहन्छु। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रअन्तर्गत रहेको क्रेडिट युनिटले स्थानीय सहकारी तथा वित्तीय संस्थामार्फत प्रवाह गरेको सरल कर्जालाई निजी क्षेत्रमार्फत कार्यान्वयन गर्नसमेत उहाँले आग्रह गर्नुभयो। नवीकरणीय ऊर्जा परिसङ्घ नेपालका अध्यक्ष गुणराज ढकालले बायोग्यास प्रविधिबाट स्वच्छ ऊर्जाका साथै आयातीत इन्धनमाथिको निर्भरता कम गर्न र रासायनिक मलमा आत्मनिर्भर हुन बल पुग्ने भएकाले यसको विकास र विस्तारमा राज्यले उच्च महत्व दिनुपर्दछ भन्नुभयो। नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष अञ्जन श्रेष्ठले संसारभर हरित अर्थतन्त्रको महत्व बढ्दै गएको सन्दर्भमा बायोग्यासजस्ता स्वच्छ ऊर्जा प्रविधिलाई राज्यले विशेष सहुलियत दिनुपर्नेमा जोड दिनुभयो।

विश्वव्यापी ऊर्जा सङ्कटको सहज समाधानका रूपमा रहेको बायोग्यास प्रविधिलाई प्रवर्द्धन गरी एलपी ग्यासको निर्भरतालाई न्यूनीकरण गर्न सकिएमा करोडौँ रकम विदेसिनबाट बचाउन सकिने सम्भावना छ। घरायसी बायोग्यासबाट उत्पादित जैविक मल करिब दुई टन प्रतिबायोग्यास प्लान्ट प्रतिवर्ष उत्पादनगरीरासायनिकमलमाथिको परनिर्भरता घटाउन सघाउ पुगेको सो अवसरमा जानकारी दिइयो। आव २०३३/३४ मा गोबरग्यास तथा कृषि यन्त्र विकास प्रालिको स्थापना भई निजी क्षेत्रको थालनी भएकामा पहाल झन्डै एक सय ५० भन्दा बढी बायोग्यास निर्माण गर्ने कम्पनीहरू र वर्कशपले यस क्षेत्रमा क्रियाशील रहेका छन्।रासस

# एघार सहकारीलाई कालोसूचीमा राख्ने तयारी

काठमाण्डु। तोकिएको सर्त अनुसार काम नगरेको तथा सहकारी मूल्य तथा मान्यता विपरीत गतिविधि गरी समस्याग्रस्त केही सहकारी संस्थालाई सरकारले कारबाहीको दायरामा ल्याउने भएको छ।

पछिल्ला दिनमा निक्षेपकर्ताको रकमसमेत फिर्ता दिन नसक्ने अवस्थामा पुगेका सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरिएको छ। समस्याग्रस्त घोषणा भएका करिब एकदर्जन सहकारी संस्थालाई सरकारले कालोसूचीमा राख्ने तयारी थालेको छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले मंगलबार एक सूचना जारी गर्दै ११ वटा सहकारीलाई कालोसूचीमा राख्ने तयारी गरेको हो।

सहकारी संस्थाले सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीका लागि सम्बन्धित सञ्चालक/ ऋणी/ व्यवस्थापक/ कर्मचारीलाई तिर्नुपर्ने ऋण र दायित्वको सावाँ ब्याज बुझाउनका लागि पटक/पकट सम्पर्क तथा पत्राचार गर्दासमेत ऋण भुक्तानी नगरेको भन्दै समितिले १५ दिनभित्र सम्पर्कमा आउन आग्रह गरेको छ।

सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सम्पर्कमा नआए कानुन बमोजिम कारबाहीका साथै सहकारी ऐन, २०७४ को दफा ११५ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम राहदानी रोक्का गरी सञ्चालकको नाम कालोसूचीमा राख्ने जनाएको छ।

समितिका अनुसार स्ट्यान्डर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ, प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ, प्रभु बचत तथा ऋण सहकारी संस्था, कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ, कन्जुमर बचत तथा ऋण सहकारी, कुबेर बचत तथा ऋण सहकारी संस्था, चार्टर्ड सेभिङ एण्ड केरेडिट को-अपरेटिभ छन्।

यस्तै, भेगास बचत तथा ऋण सहकारी संस्था, स्ट्यान्डर्ड मल्टिपर्पोज को-अपरेटिभ, सोसाइटल बचत तथा ऋण सहकारी संस्था र लुःनिभा बहुउद्देश्यीय सहकारी संस्थालाई पनि कालोसूचीमा राखिने समितिको भनाइ छ।रासस

# वैदेशिक रोजगारमा जाने महिलाको सेवा र सुरक्षा आवश्यक

पोखरा। रोजगारको सिलसिलामा वैदेशिक रोजगारमा जाने महिलामा थुप्रै चुनौती देखिएको भन्दै यसलाई न्यूनीकरण गर्न महिलाको सुरक्षित, मर्यादित सेवा सुनिश्चितता गर्नुपर्नेमा जोड दिइएको छ। पोखरामा राष्ट्रिय महिला आयोगले आयोजना गरेको वैदेशिक रोजगारमा संलग्न महिलाको सुरक्षित, मर्यादित र सेवाको सुनिश्चित्ताका लागि वैदेशिक रोजगारीको क्षेत्रमा कार्यरत निकायगत र तहगत सरोकारवालासँगको सार्वजनिक सुनुवाइ कार्यक्रमा सहभागीले सो विषयमा जोड दिएका हुन्।

वैदेशिक रोजगारका लागि दुबई र कतार गएर फर्किनुभएकी देवी सुनारले वैदेशिक रोजगार अवसरसँगै चुनौती भएकाले यसमा देखिएका समस्याको समाधानमा आयोगले नीतिगत तहबाट पहल गर्नुपर्नेमा जोड दिनुभयो। आफूले सम्बन्धित देशको भाषा र कामको दक्षता नहुँदा आफूले निकै दुःख भोग्नु परेको अनुभव उहाँले सुनाउनुभयो।

कुवेतबाट फर्कनुभएकी पार्वती दमैले आफूलाई वैदेशिक रोजगारसम्बन्धी नीतिनियम कानुन केही थाहा नहुँदा श्रम शोषणमा परेको अनुभव सुनाउनुभयो। घरेलु कामदारको रूपमा रहँदा आफूले भोग्नु परेको पीडा सुनाउँदै उहाँले सरकारका कतिपय नीति नियमबारे आफूहरू अञ्जान रहँदा पनि पीडित हुनुपरेको उहाँको भनाइ थियो। उहाँले कमजोर आर्थिक अवस्थाका कारण विकल्प खोज्दै खाडीमुलुक जाँदाका पीडा दर्दनाक भएको र परिवारका सदस्यसँग सम्पर्कमा रहनसमेत नपाउँदा आफ्नै चिन्ताले आमा गुमाउनु परेको पीडा पोख्नुभयो। जिल्ला समन्वय समितिका प्रमुख लीलाधर पौडेलले हरेक क्षेत्रमा समस्या देखिएको जनाउँदै त्यसलाई व्यवस्थित गर्ने नीतिनियम र त्यसको कार्यान्वयनको पक्षमा जोड दिन आवश्यक रहेको औँल्याउनुभयो। उहाँले वैदेशिक रोजगारमा जाने महिलाको लागि पहिला त्यस देशको भाषा संस्कार संस्कृतिको बारेमा सामान्य भए पनि जानकारी लिनुपर्ने र कुन कामको लागि जाने त्यो काम दक्ष भएर वैधानिक बाटोबाट जाँदा जोखिम कम हुने भनाइ राख्नुभयो। शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका सचिव हेमराज सुवेदीले सरकारले निषेध गरेका बाहेकका मुलुकमा जाँदा श्रम स्वीकृति लिएर सीप सिकेर जाँदा समस्या कम हुने बताउनुभयो। उहाँले समस्यामाथि छलफल र बहस गरेपछि समाधानको उपाय निस्कने जनाउँदै महिला आयोगको पहिलो पटक वैदेशिक रोजगारमा महिलाको सवाललाई प्राथमिकता दिएर सार्वजनिक सुनुवाइ गरेकोमा प्रशंसा गर्नुभयो।

कार्यक्रमा श्रम तथा रोजगार मन्त्रालयका श्रम अधिकृत लक्ष्मण बरालले गण्डकी प्रदेशमा महिलाको वैदेशिक रोजगारीसम्बन्धी सवाल र महिलाको सुरक्षित तथा मर्यादित रोजगारीका लागि अवलम्बन गर्नुपर्ने उपायको बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँका अनुसार गण्डकी प्रदेशको २०७८ ७९ को तथ्याङ्कमा ९६ हजार नौ सय ९८ जनामध्ये पाँच हजार दुई सय ११ जना महिला वैदेशिक रोजगारमा गएका छन्।

त्यसैगरी सामी परियोजना गण्डकीका प्रमुख उमा शर्माले वैदेशिक रोजगारीमा गएका महिलाप्रति सकारात्मक दृष्टिकोणको खाँचो रहेको र सकारात्मक भन्दा नकारात्मक विषयले बढी प्राथमिकता पाउँदा वैदेशिक रोजगारमा गएर आएका महिला समाजमा खुल्न नसकेको बताउनुभयो। आयोगका उपसचिव सीता अधिकारीले पछिल्लो समयमा वैदेशिक रोजगारमा जाने महिलामाथि विभिन्न खालका हिंसा हुने गरेका घटना सार्वजनिक भएसँगै आयोगले २१ वर्षको इतिहसामा पहिलो पटक वैदेशिक रोजगार र महिलाको सवाललाई चासो दिएर कार्यक्रम गरेको बताउनुभयो।

आयोगका अध्यक्ष कमला पराजुलीले महिला अधिकारको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्न बनेको आयोगले पछिल्लो समय वैदेशिक रोजगारमा रहेका महिलामाथि हुने हिंसाका धेरै घटना बाहिर आएको र यसलाई न्यूनीकरण गर्नका लागि मंगलबार उठेका सवाल र सुझावले आगामी रणनीतिक योजना बनाउन सहयोग पुग्ने विश्वास गर्नुभयो।

कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख सरिता माल, सामाजिक विकास मन्त्रालयका उपसचिव जमुना पौडेल, इलाका प्रशासन कार्यालय लेखनाथका कमलराज भण्डारी, प्रेस काउन्सिलका सदस्य दुर्गा भण्डारी, नेपाल पत्रकार महासङ्घ कास्कीका अध्यक्ष विमला भण्डारी, इन्सेकका कार्यक्रम संयोजक सवनम शर्मा, नेपाल बारको केन्द्रिय महिला समिति सचिव विनिता नेपाली लगायतले वैदेशिक रोजगारमा महिलाको अवस्था र सरोकारवाला निकायले ध्यान दिनुपर्ने कुरामा सुझाव राख्नुभएको थियो।रासस

# प्रभु बैंकको ५० लाखभन्दा बढी कित्ता संस्थापक शेयर विक्रीमा

**टुडे समाचारदाता**

काठमाण्डु। प्रभु बैंक लिमिटेडले ५० लाख १६ हजार १९९ कित्ता संस्थापक शेयर कात्तिक २२ गतेदेखि विक्रीमा ल्याएको छ।

बैंकले विद्यमान संस्थापक शेयरधनीहरूले मात्र खरीद गर्न पाउने गरी उक्त शेयर विक्रीमा ल्याएको हो।

इच्छुक विद्यमान संस्थापक शेयरधनीहरूले आगामी ३५ दिनभित्र बैंकको केन्द्रिय कार्यालय बबरमहल, काठमाडौंमा निवेदन पेश गर्नुपर्नेछ।

तोकिएको अवधिभित्र विद्यमान संस्थापक शेयरधनीहरूबाट आवेदन प्राप्त नभएमा अन्य व्यक्ति तथा संस्थामा उल्लेखित शेयर विक्री गरिने बैंकले जानकारी दिएको छ।


सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
**ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना**

प्रकाशित मिति: २०७९/०७/२३

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सहयोगी बिकास बैंक लि.) को महेन्द्रनगर धनुषा शाखा, कार्यालयबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।
साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरि दिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्र्याक–अधिविकर्ष कर्जा**

**ऋणीको नाम र ठेगाना**
**नाम : जनारसी देवी यादब**
पति : राम जुलुम यादब
ससुरा : सेवकी यादब
ठेगाना : सपही गा.वि.स.-४, धनुषा
हाल : लक्ष्मीनिया गाउँपालिका-३, धनुषा
ना.प्र.नं. : ५९६५।८२९५०७३५
जारी मिति : २०४३/१०/०७
जि.प्र.का. : धनुषा



**जमानीकर्ताहरुको नाम र ठेगाना**
**१. नाम : बिमल कुमार यादब**
बुबा : राम जुलुम यादब
बाजे : सेवकी यादब
ठेगाना : सपही गा.वि.स.-४, धनुषा
हाल : लक्ष्मीनिया गाउँपालिका-३, धनुषा
ना.प्र.नं. : १७३०७५।६९९
जारी मिति : २०६३/१२/१७
जि.प्र.का. : धनुषा



**२. नाम : नागेन्द्र यादब**
बुबा : राम जुलुम यादब
बाजे : सेवकी यादब
ठेगाना : सपही गा.वि.स.-४, धनुषा
हाल : लक्ष्मीनिया गाउँपालिका-३, धनुषा
ना.प्र.नं. : ८२९५२४२२
जारी मिति : २०४८/०६/१०
जि.प्र.का. : धनुषा



**३. नाम : सुमिन्त्रा कुमारी यादब**
पति : नागेन्द्र यादब
ससुरा : राम जुलुम यादब
ठेगाना : सपही गा.वि.स.-४, धनुषा
हाल : लक्ष्मीनिया गाउँपालिका-३, धनुषा
ना.प्र.नं. : ३९६९६९०८
जारी मिति : २०५८/०७/०१
जि.प्र.का. : धनुषा



**४. नाम : जनारसी देवी यादब**
पति : राम जुलुम यादब
ससुरा : सेवकी यादब
ठेगाना : सपही गा.वि.स.-४, धनुषा
हाल : लक्ष्मीनिया गाउँपालिका-३, धनुषा
ना.प्र.नं. : ५९६५।८२९५०७३५
जारी मिति : २०४३/१०/०७
जि.प्र.का. : धनुषा



**धितो राखिएको सम्पत्तिको विवरण**
**धितो सुरक्षण धनीको नामः– जनारसि देवी यादब**

| सि.नं. | जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट | कि.नं. | क्षेत्रफल (बिगहा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | सपही | ८।ग | १९८ | ०-०-१०-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत। |
| २. | धनुषा | सपही | ८।ग | २०१ | ०-१-८-० | |
| ३. | धनुषा | सपही | ८।ग | १९९ | ०-०-१०-० | |
| ४. | धनुषा | सपही | ८।ग | २०३ | ०-१-१३-० | |

Citizens Bank

**मुख्य कार्यालय**:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४४२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

# यसरी मनाइयो सामाचकेवा पर्व

**टुडे समाचारदाता**

जनकपुरधाम। मिथिला क्षेत्रमा दाजुभाइ तथा दिदीबहिनीबीच मनाइने प्रेम र समर्पणको पर्व सामाचकेवा सम्पन्न भएको छ।



कार्तिक शुक्ल पञ्चमी (छठ पर्वको खरना) का दिन सुरु गरिएको यो पर्व परम्परा अनुसार पूर्णिमा तिथिको रात पारेर हिजो सोमबार राति मिथिलानीले समापन गरेका छन् । तिथिको भोगले मंगलबार दिनभरि पूर्णिमा रहे पनि रात्रि भोगअनुसार हिजै राति सामा सम्पन्न गरिएको छ।

पर्वमा मिथिलानीले प्रयोग गर्ने सतभैया (सप्तर्षि), हात्ती, बृन्दावन, चुगला, सामा र चकेवाका माटाका आकृति दाजुभाइका हातबाट फुटाउन लगाई जोतिएको खेत र निर्जन वनमा गाडेर सोमबार राति समापन गरेका छन्।

यस अवसरमा दाजुभाइले परम्परा धान्दै गच्छेअनुसार दिदीबहिनीलाई वस्त्र र नगद दक्षिणा दिएका थिए। सामाचकेवा पर्वका ११ दिन भए पनि यसपालि तिथिको भोग घटबढले १० दिनमै पर्व सम्पन्न भएको हो।

मिथिला क्षेत्रमा मिथिलानीहरू (मिथिलाका नारी)ले आफ्ना दाजुभाइको सौर्य बखान गर्दै गीत गाएर मनाइने यो पर्व दाजुभाइ दिदीबहिनीबीच प्रेम र समर्पणको प्रतीक मानिन्छ। बोलीचालीको भाषामा ‘सामा खेल’ भनिने गरिएको यो ११ दिने पर्व दिदीबहिनी र दाजुभाइका लागि प्रतिक्षा, खुसी र आपसी सद्भाव व्यक्त गर्ने उपयुक्त अवसर मानिन्छ । पर्वका ११ दिनको मध्यरातसम्मको चकमन्न समयमा नगर गाउँबस्तीको चौबाटोमा समूहमा जम्मा भएर आफ्ना दाजुभाइको सौर्य बखान गर्दै दुष्ट चरित्रलाई सत्तोसराप गरेर आफूहरूबीच पवित्र र आत्मीय स्नेह रहेको दर्शाउनु पर्वको मुख्यपक्ष रहेको मिथिलानी बताउँछन्।

गीतमार्फत आफूहरूप्रति दिदीबहिनीले दर्शाएका प्रेम र समर्पण भावले सधैँ उनीहरूप्रति स्नेह र समर्पण भाव दिने गरेको मैथिल युवाको भनाइ छ।

दाजुभाइ दिदीबहिनीप्रति यस्तो प्रेम दर्शाउने यो पर्व करिब साढे पाँच हजार वर्ष पहिले द्वापर युगबाट सुरु भएको मिथिला संस्कृतिका जानकार बताउँछन्। द्वापर युगमा श्रीकृष्णकी छोरी सामाले चक्रधर (चकेवा)सँग प्रेम सम्बन्ध राखेको कुरा एउटा कुरौटे (चुगला)ले कृष्णलाई भन्दा छोरी स्वच्छन्द प्रवृत्तिकी भइ भन्ने रिसमा दुबै (सामा र चकेवा)लाई चरा हुने श्राप दिएको पौराणिक कथा प्रसङ्ग यो पर्वको परिवेश रहेको छ।

कृष्णका श्रापले चरा भएर विचरण गरेकी बहिनी सामा र उनका प्रेमी चकेवाको मुक्तिका लागि कृष्ण पुत्र साम्बले शिवजीको तपस्या गरेर पिता रिझाउन सक्ने वरदान पाई कृष्णसँग गरेको याचनाबाट उनीहरू श्रापमुक्त भइ पूर्व योनीमा आएर विवाह गर्न पाएका पौराणिक वर्णन रहेको पाइन्छ। त्यही गुनलाई सम्झँदै सामाले गाएकी गीतको यादमा दाजुभाइप्रति कृतज्ञता जनाउन सामाचकेवा पर्वको परम्परा बसेको बताइन्छ।

# पूर्व सहयात्रीबीच प्रतिस्पर्धा

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेशसभातर्फ धनुषा क्षेत्र नम्बर ४ मा ५ स्वतन्त्रसहित १२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । ती १२ मध्येमा पनि दुई पूर्व सहयात्री सत्ता गठबन्धनबाट उम्मेदवार बनेका नेकपा एकीकृत समाजवादीका शत्रुधन महतो र नेकपा एमालेका हरिनारायण महतोबीच प्रतिस्पर्धा छ । जनता समाजवादी पार्टी नेपालबाट चन्देश्वर महतो उम्मेदवार छन् ।



जनमत पार्टीबाट सत्यनारायण सिंह, जनता प्रगतिशील पार्टी नेपालबाट शोभा कार्की, राप्रपा नेपालबाट बासुदेव सुवेदी र राप्रपाबाट कपलेश्वर महतो उम्मेदवार छन् । यस्तै जसपाबाट विद्रोह गरी रामनरेश सिंहले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

धनुषा ४ को प्रतिनिधिसभामा एमाले र जसपाबीच चुनावी तालमेल नहुँदा उनीहरुले मित्रवत् प्रतिस्पर्धा गरिरहेका छन् ।सांगठनिक रुपमा यस क्षेत्रका मुख्य प्रतिस्पर्धी एकीकृत समाजवादीका शत्रुधन र एमालेका हरिनारायण छन् । शत्रुधन एमाले विभाजन अघि सोही पार्टीबाट यस क्षेत्रबाट लगातार तीनपटक विजयी भएका थिए । दुईपटक संविधानसभा सदस्य र एकपटक प्रदेशसभा सदस्य बने उनी । अहिले उनी मधेश सरकारका बहालवाला उद्योग, वन तथा पर्यटनमन्त्री छन् ।

तीनपटक उनलाई जिताउन हरिनारायणको भूमिका रह्यो । हरिनारायण पनि मिथिला नगरपालिकाका पूर्वमेयर थिए । हरिनारायणलाई मेयर जिताउन पनि शत्रुधनको ठूलो भूमिका थियो । शत्रुधन र हरिनारायण एमालेका धनुषा जिल्ला अध्यक्ष रहीसकेका छन् ।

शत्रुधन अहिले नेकपा एकीकृत समाजवादीका स्थायी कमिटी सदस्य छन् भने हरिनारायण एमालेका केन्द्रीय सदस्य छन् । एमाले विभाजनका कारण यसपटक दुबैजना फरक दलबाट उम्मेदवार हुँदा प्रतिस्पर्धा रोचक बनेको देखिएको छ । यस क्षेत्रबाट २०७४ को निर्वाचनमा शत्रुधनले कांग्रेसका बासुलाल महतोलाई पराजित गरेका थिए ।

यस प्रदेशसभा क्षेत्रमा २२ वटा वडा पर्छन्, जसमा १६ वटा वडा गठबन्धन घटक दल कांग्रेस, एकीकृत समाजवादीसहितका दलले जितेका छन् । अन्य वडामा एमालेले जितेको छ । यो क्षेत्रमा कांग्रेस र एमालेको बलियो पकड छ । गत स्थानीय तहको निर्वाचन परिणाम अनुसार कांग्रेस पहिलो र एमाले दोस्रो शक्ति बनेको छ । तेस्रोमा नेकपा एकीकृत समाजवादी, त्यसपछि क्रमशः माओवादी र जसपा लगायत दल रहेका छन् ।

यस क्षेत्रमा पटक-पटक जितेर शिक्षा, स्वास्थ्य, सडक, सिंचाइ, खानेपानी लगायत सबै क्षेत्रमा गरेको विकास एवं जनताबीचमा रहेको राम्रो सम्बन्धले अत्यधिक मतले चुनाव जित्नेमा शत्रुधन ढुक्क छन् । एमालेबाट पूर्वसहयात्री एक्लो प्रतिस्पर्धामा आएपछि आफूलाई जित निकाल्न सजिलो भएको उनको दाबी छ ।

‘मुद्दाको आधारमा हामी चुनावमा छौं । मधेशको सबभन्दा ठूलो समस्या नागरिकता हो । जुन मुद्दा हाम्रो छ । गठबन्धनको फराकिलो मत छँदैछ । २२ मध्ये १६ वटा गत स्थानीय चुनावमा गठबन्धनले जितेको छ । जनताको सुख दुःखमा म साथ छु । यो आधारहरुले म जित्नेमा ढुक्क छु’, शत्रुधनले भने ।

शत्रुधनले भने जसरी उनको जित भने कांग्रेको मतमा नै निर्णायक हुने सम्भावना छ । तर, शत्रुधन लगातार यस क्षेत्रबाट तीनपटक जितेकाले उनको विकल्पको आवाज कांग्रेस भित्र उठिरहेको छ। त्यसैले हरिनारायण त्यस्तो मत आफ्नो पक्षमा पार्ने अभियानमा लागेका छन् ।

एमालेको बलियो संगठन, लगातार एमालेबाट जितेर १५ वर्ष पूर्वसहकर्मी शत्रुधनको परीक्षण भइसकेकाले विकल्पमा आफूलाई निर्वाचित गराउने हरिनारायणको विश्वास छ ।

‘म पनि ४० वर्षदेखि जनताको बीचमा छु। एमाले यस क्षेत्रमा बलियो छ। जनताले अवसरवादीलाई चिन्छन् । पटकपटक जित्दा समेत राम्रो विकास गरेनन् । जनता यसपटक चिनेर विकल्पमा मलाई जिताउनु हुन्छ भन्नेमा विश्वस्त छु’, हरिनारायणले भने ।

मिथिला नगरपालिकामा एक कार्यकाल उनको पनि परीक्षण भइसकेको छ । कांग्रेसले पनि हरिनारायणप्रति त्यति सन्तुष्ट देखिँदैनन् । यो अवसरको लाभ तेस्रो नम्बरमा देखिने जसपा उम्मेदवार चन्देश्वर महतो उठाउन चाहन्छन् ।

शत्रुधन र हरिनारायण जनतामा परीक्षण भइसकेकाले विकल्पमा आफूलाई जनताले जिताउने चन्देश्वरको विश्वास छ। स्वतन्त्रबाट व्यक्तित्वको हिसाबले रामनरेश सिंह लोकप्रिय नेता मानिन्छन् । उनले पनि राम्रो मत तान्ने सम्भावना देखिएको छ।

# सयौं कार्यकर्ता एमालेमा

**टुडे समाचारदाता**

बर्दिबास।
गौशाला नगरपालिका वडा नं. २ रेडक्रसटोलमा विभिन्न पार्टी परित्याग गरी एमालेमा प्रवेश गरेका छन्। मंगलबार एक कार्यक्रमको आयोजना गरी सयौंको संख्यामा पार्टी प्रवेश गरेका छन्।

स्थानीय तहको चुनावमा स्वतन्त्रबाट वडाअध्यक्षको उम्मेदवार मन्जय सिंहले ४ सय ७५ मत ल्याई पराजित भएका सिंहले आफूसहित सयौंको संख्यामा विभिन्न पार्टी परित्याग गरी एमाले प्रवेश गरेका छन्।

स्वतन्त्रबाट उम्मेदवार भएका सिंहले समाजसेवी तथा प्रतिनिधिसभा सदस्यका उम्मेदवार लक्ष्मी महतोले गरेको विकास तथा सहयोगको मध्यनजर गर्दै प्रवेश गरेका छन्।

कार्यक्रममा जसपा नगर अध्यक्ष कुमरकान्त झाले विभिन्न पार्टीका व्यक्तिहरुमा ३० वर्ष देखि लगातार विजयी भएर गए तर हाम्रो क्षेत्र नं. १ को अवस्था जस्ताको त्यस्तै रहेको र कुनै किसिमको विकासको काम अगाडि बढाउनु नसक्नु दुर्भाग्यको विषय भएको र कति पटक जनताको माझमा आइ समस्याको बारेमा बुझेको बताए ।

# जसपामा प्रवेश गर्नेको लहर

**टुडे समाचारदाता**

राजविराज । चुनाव नजिकिदै जाँदा सप्तरी जिल्लामा जनता समाजवादी पार्टी प्रभाव बढिरहँदा जनता समाजवादी पार्टीमा प्रवेश गर्ने लहर चलेको छ।

सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिएका जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले घरदैलोमा विभिन्न पार्टीबाट जसपाप्रतिको आकर्षण बढेको छ।

जनमत पार्टीबाट महदेवा गाउँपालिका वडा नम्बर ६ बाट वडा अध्यक्षको प्रत्यासी शैलेश यादवको नेतृत्वमा मंगलबार सयौं युवाहरू जनता समाजवादी पार्टीमा प्रवेश गरेका छन्।

नवप्रवेशीहरुलाई जसपा अध्यक्ष उपेन्द्र यादव र मधेश सरकारका अर्थमन्त्री एवम् प्रदेशसभा सदस्यका उम्मेदवार शैलेन्द्र प्रसाद साहले गम्छा र अबीर लगाएर पार्टीमा भित्र् याएका छन्।

जनमत पार्टी परिवार र स्वजातियको पार्टी भएको तथा बिखण्डनवादी र विचार सिद्धान्त स्पष्ट नभएकोले बाध्य भएर हिमाल, पहाड र मधेशलाई जोड्ने वैकल्पिक शक्ति जसपामा प्रवेश गरेको नवप्रवेशी शैलेशको आरोप लगाएका छन्।

उनका अनुसार प्रत्यक्षमा आफ्नै दाजु तथा समानुपातिकमा राउतले आफ्नै परिवार र जातिको नाम राखेका छन्।

एक साता अघि मात्र लोसपाका केन्द्रीय नेता शैलेश कुमार चौधरी, केन्द्रीय नेता एवम्



मधेश बाहिनी रक्षा दलको पूर्व अध्यक्ष विनोद कुमार यादव, केन्द्रीय सदस्य एवम् समानुपातिक उम्मेदवार पुनम यादव लगायतका दर्जनौं नेता तथा कार्यकर्ताहरु जसपामा प्रवेश गरेका छन् ।

सप्तरी उद्योग वाणिज्य संघका पूर्व उपाध्यक्ष शंकर दास, नेकपा एसको प्रदेश सचिवालय सदस्य अरुण देव लगायतका नेताहरु जसपामा प्रवेश गरेका छन् ।

यसैगरी गत महिना मात्र नेकपा एमालेका महिला नेता एवम् पूर्व सांसद रञ्जु कुमारी झा, सप्तरी उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष अरुण कुमार प्रधान लगायत सयौं व्यक्तिहरु जसपामा प्रवेश गरेको पार्टीका प्रवक्ता मनिष कुमार सुमनले जानकारी दिए। उनका अनुसार प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिएका जसपा अध्यक्ष यादवले सप्तरीमा कार्यकर्ता भेला, भेंटघाट, छलफल तथा चुनावी सभालाई तीव्रता दिएका छन् ।

यस अघि प्रतिनिधिसभा सदस्यमामा निर्वाचित भएपछि नर्सिङ्ग कलेज, इन्जिनियरिङ्ग कलेज, रामराजा सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, कृषि विश्वविद्यालय सय शैय्याको अस्पताललाई ४ सय २० बेडको सुविधा सम्पन्न अस्पताल, सडक सञ्जाल विस्तार, विद्यालय भवन निर्माण लगायत विभिन्न ४२ ओटा कामहरु गरेका छन् । तीमध्ये केही काम पूरा पनि भईसकेको छ भने केही अन्तिम चरणमा रहेका छन् ।

# ‘प्रहरीले धाँधली गऱ्यो’

**कमलेश ठाकुर**

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले सप्तरीमा प्रहरीले धाँधली गरिरहेको आरोप लगाएका छन् । मंगलबार उनले आफ्नो अधिकारिक सचिवालयको फेसबुकमार्फत सो आरोप लगाएका छन् ।



सप्तरीको प्रहरी-प्रशासन प्रचारप्रसारमा पक्षपात गरिरहेको उनको आरोप छ। प्रहरीहरु जसपाको कार्यकर्ता भएर काम गरिरहेको उनले तथ्य प्रस्तुत गरेका छन्।

‘प्रहरीले धाँधली गरिरहेको छ । जसपाका कार्यकर्ता भएर काम गरिरहेको छ,’उनले भने,‘ जिल्ला प्रशासन कार्यालय जसपाको पार्टी कार्यालय बनेको छ ।’ यो अवस्थामा निर्वाचन निष्पक्ष हुन नसक्ने उनले जिकिर गरेका छन् । निर्वाचन भए पनि मतपेटिका फेरिन सक्ने उनको शंका छ।

सप्तरीको एक डिएसपीको सरुवा भए पनि जसपाकै नेताहरुले रोकेर राखेको उनले लाइभमा उल्लेख गरेका छन्।

सो डिएसपीको सवारी प्रयोग गरी राति-राति मतदातालाई बाँडने पैसा ओसारपसार हुने गरेको उनको दाबी छ। ती डिएसपी एक जना जसपा नेताकै भाइ रहेको उनले सो दाबी गरेका छन्।

यद्यपि उनले यी सबै कुरा उल्लेख गरे पनि डिएसपी र जसपा नेताको नाम भने उल्लेख गरेका छैनन् । अन्य सबै पार्टीले खुलेर प्रचारप्रसार गरे पनि कुनै प्रकारको बाधा अवरोध नगरिएको र जनमत पार्टी निर्वाचन आचारसंहिता पालना गरे पनि रोक लगाएको उनले बताए।

‘सबै पार्टीको झण्डा र ब्यानर बजारमा राखिएकै छ । अरु पार्टीले निर्वाचन आचारसंहिता उल्लंघन गरी राखिएको प्रचार सामग्री राखिएकै छ,’उनले भने,‘तर जनमत पार्टी कानूनमै रहेर प्रचारप्रसार गरे पनि पक्राउ गर्छ । रोक लगाएको छ । स्पष्टीकरण सोधेको छ र पक्राउ गरी डर त्रास धम्की दिइरहेका छन् ।’

यो अवस्थामा निर्वाचन निष्पक्ष हुन नसक्ने भन्दै उनले निर्वाचन आयोग र प्रहरी विभागलाई फेसबुकबाटै ध्यानाकर्षणसमेत गराएका छन् ।

# मधेशका ११ जनालाई कारबाही

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसले मधेश प्रदेशका ११ जना नेतालाई कारबाही गरेको छ । मंगलबार केन्द्रीय समितिले मधेशको ११ जनासहित देशभरको ७४ जना आफ्नै नेतालाई कारबाही गरेको छ।

उनीहरुले पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध उम्मेदवारी र समर्थन गरेका नेताहरु छन्। पार्टीको अनुशासन विपरीत गएको भन्दै केन्द्रीय समितिले सबैलाई पाँच वर्षका लागि कारबाही गरेको विज्ञप्तिमा उल्लेख छ । उनीहरूको सदस्यतासमेत नरहने गरी पार्टीको अभिलेखबाट हटाइने जनाइएको छ।

धनुषाका तीन जना कारबाहीमा परेका छन् । धनुषा निर्वाचन क्षेत्र ३ को ‘ख’मा बागी भएर स्वतन्त्र उम्मेदवारी दिएका हरिशंकर साह, विजेता झा र नेकपा एमाले प्रवेश गरेका संतोष यादवलाई पनि कारबाही गरिएको विज्ञप्तिमा उल्लेख छ।

यस्तै, सप्तरीका महाधिवेशन प्रतिनिधि एवं पूर्व केन्द्रीय सदस्य हेमराज तातेड र रामलगन साहलाई पनि कारबाही गरिएको छ।

यस्तै,सर्लाहीका निवर्तमान सांसद अमरेशकुमार सिंह, बाराका महाधिवेशन प्रतिनिधि रोशन यादव, अरुण ज्ञवाली, प्रभु पटेल र अजयकुमार द्विवेदीलाई कारबाही भएको छ। द्विवेदी पर्सा निर्वाचन क्षेत्र १ बाट बागी भएर स्वतन्त्र उम्मेदवारी दिएका छन् । क्षेत्रीय प्रतिनिधि चन्द्रकिशोर चौधरी र सुधिर पटेलसमेत कारबाहीमा परेका छन्।

# धामीझाँक्रीद्वारा तान्त्रिक विद्यासिद्धि

**टुडे समाचारदाता**

जनकपुरधाम । भूतको नाम सुन्नै बित्तिकै जो कोहीको जीउ सिरिङ हुन्छ । तर तराई मधेशमा एउटा यस्तो दिन हो, जुन दिन त्यसको मेला नै लाग्छ।

छठ सम्पन्न भएको नौ दिनपछि अर्थात् कात्तिक शुक्ल पूर्णिमा को दिन गंगा किसान, कमला नदीलगायत विभिन्न मठ मन्दिरमा भूत मेला लाग्ने गरेको छ । टाढा टाढाका हिजो साँझदेखि हिँडेर या कुनै यातायातको साधनमा र नजिकका भक्तजनहरू गंगा तथा कमला नदी किनारमा पुगेका छन् ।



तराई मधेशमा परम्परादेखि यो मेला लाग्ने गरेको छ। कतिपयले यसलाई अन्धविश्वास भन्दै बेवास्ता गर्न थालेका छन् भने बहुसंख्यकले यसलाई धर्म र आस्थाका आधारमा मनाउँदै आएका छन् । पहेँलो धोती र साडीमा सजिएका नयाँ सिकारु धामीझाँक्रीहरू माटोले बनेको ढकनामा बलिरहेको आगो हातमा राखेर बेतको लाठी घुमाउँदै चर्को स्वरमा भूतहरू चिच्याउँदै गंगा तथा नदी किनारमा पुगेका हुन्छन्।

भक्तजनहरुले आ-आफना इष्ट देवताकोको नाम फलाक्दै धामीझाँक्री मादल, झ्याली, ढोल पिपही जस्ता बाजागाजाका साथ कमला नदीमा पुगेका हुन्छन् । तान्त्रिक विद्यासिद्धिका लागि पूर्णिमाका दिनलाई शुभ मान्ने गरेको छ र त्यो सिद्धिका लागि गंगा नदी र कमला नदीमा त्यसको मेला नै लाग्ने गरेको छ।

आगो बलि रहेको ढकना हातमा लिएर भूत खेल्दै नदी किसारसम्म पुग्दा पनि उसको हातमा केही भएको हुँदैन। त्यसले पनि पुष्टि हुन्छ कि वास्तममा यसमा दैवी शक्ति छ, सिरहा पटेर्वाका भोला यादव भन्छन्, ‘शिक्षा र चेतनाको विकाससँग कतिपयले भूत सूत केही होइन यी सबै अन्धविश्वास हो भन्छन् तर पूर्णिमाका दिन कमला नदीमा भीड हेर्दा लाग्छन् यसलाई अन्धविश्वास भन्नेहरु सबै ढोङ्गी छन् जसले भूत प्रेतलाई अन्धविश्वास भनेका हुन्छन् उनीहरू पनि कमल स्नानका लागि आएका देख्छु।’

धनुषा र सिरहा जिल्लाको सिमाना छुट्याउने कमला नदीको दुबै किनारमा पूर्णिमाका दिन निकै भीडभाड हुन्छ। भूत मेला हेर्नका लागि गाउँगाउँबाट त्यहाँ घुइँचो लाग्ने गरेको छ। यो मेला नेपालको तराई मधेशका साथै भारत विहारमा प्रत्येक वर्ष लाग्ने गरेको छ।

पूर्णिमाका दिन सिकारु धामीझाँक्रिहरुका लागि सिद्धिको दिन हो भने कुनै व्यक्तिमा भूत प्रेत छ भने त्यसलाई पनि हटाउने दिन रहेको सिरहाका धामी सालिग्राम ठाकुरले बताए।

उनले भने, ‘जो दशैंमा नयाँ नयाँ धामी बनेका हुन्छन्, उसले यही दिन सिद्धि गर्न कमला स्नान वा गंगा स्नान जाने गरेका छन्।’ घरबाट देउता खेल्दै नदीसम्म जानुपर्ने हुन्छ, बाटो भरि देउता तथा भूत खेल्दै गइरहेको दृश्य रमाइलो हुन्छ।

धामी ठाकुरका अनुसार मूलधामीले मन्त्र सिद्धि गरिदिएपछि धामी बन्ने प्रक्रिया पूरा हुन्छ। तन्त्रसिद्धिका लागि यो दिन पूर्णाहुति दिने चलन रहेको उनले बताए।

कमला नदीमा स्नान गरिए कमलेश्वरी देवी र गंगा नदीमा स्नान गरे गंगा देवीले तान्त्रिक विद्या सिद्ध बनाइ दिने तथा घरका देवी (घरदेवता) शुद्धि हुने विश्वास लिएको छ। कमला तथा गंगा स्नान गरेर घर फर्किने बेला नदी किनारमा धामी झाँकीसहित अन्य भक्तजनहरु दही च्युरा खाने चलन रहेको छ। साथै घर फर्किने बेला भक्तजनहरु गंगा र कमलाबाट पानी (जल) लिएर पनि आउने गरेका छन्। त्यो पानीले घरपरिवार तथा घरका अन्य सदस्यलाई पनि चोखो बनाइने चलन छ।

धामीझाँक्रीले महराई (एक प्रकारको गीत) गाउँदै त्यसको तालमा बजाएको ढोल, झाइलले भूत तथा देवता खेल्नेलाई झन उत्तेजित बनाएका हुन्छन्। धामीझाँक्रीले आफ्नो महराई (गीत) को तालमा भूत तथा देवतालाई खेलाइरहेका हुन्छन्।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८